## भिमसेनथापा गाउँपालिकाका अध्यक्ष श्री लोकप्रसाद बंजाराज्यूले
## अठारौं गाउँसभामा
## प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

भिमसेनथापा गाउँपालिकाको अठारौं गरिमामय गाउँसभामा उपस्थित हुनुभएका यस गाउँपालिकाका उपाध्यक्ष, गाउँसभा सदस्यहरु, गाउँसभाका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत, राष्ट्रसेवक कर्मचारीहरु, सञ्चारकर्मी मित्रहरू तथा यस ऐतिहासिक सभामा उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक स्वागत एवं न्यानो अभिवादन !

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रियता र समावेशी, समानुपातिक, धर्म निरपेक्ष, संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्राप्तिका लागि भएका विभिन्न आन्दोलनहरू, महान जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन, जनजाति आन्दोलन र जेनजी आन्दोलन लगायतका संघर्षमा अमूल्य जीवन उत्सर्ग गर्नु भएका सम्पूर्ण ज्ञात-अज्ञात महान् सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । त्यसैगरी घाइते योद्धाहरूको शीघ्र स्वास्थ्य लाभको कामना सहित वेपत्ता योद्धाहरु प्रति उच्च स्मरण गर्दै सहिद परिवार र वेपत्ता परिवारमा उच्च सम्मान व्यक्त गर्दछु ।

**गाउँसभाका सदस्यज्यूहरु,**

आज हामी संघीयताको अभ्यास गर्दै गाउँपालिकाको अठारौं गाउँसभामा सहभागी भइरहेका छौं । संघीय लोकतान्त्रिक शासन प्रणालीको उपयोग गर्दै अहिले भिमसेनथापा गाउँपालिकामा गाउँ टोल, घर-घरमा सेवा पुर्याउँदै वास्तविक स्थानीय सरकारको अनभूति दिलाउने गरि सेवा दिन तल्लीन छौं । सङ्घीयताले अहिले जातजाति, भाषा, धर्म, वर्ग, लिङ्ग र भूगोलका आधारमा सबैको प्रतिनिधित्व सुनिश्चित भई लोकतन्त्रको वास्तविक अभ्यास भइरहेकै छ। फरक-फरक राजनैतिक विचार, आस्था र दृष्टिकोण भएका हामी लोकतन्त्रिक अभ्यासबाट निर्वाचित सबैले मिलेर सामूहिक रूपमा भिमसेनथापा गाउँपालिकाको आर्थिक, सामाजिक विकाससँगै समृद्धिको दिशामा हातेमालो गर्दै अघि बढ्न पाएका छौं, जुन गौरवको कुरा हो ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकारको १६औं (सोह्रौं) योजना, दिगो विकासका लक्ष्य, प्रदेश सरकारका नीतिगत मार्गदर्शन र भिमसेनथापा गाउँपालिकाको आवधिक योजना तथा जनताका आवश्यकता प्राथमिकता र सुझावहरूलाई समेटेर आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि व्यवहारिक, समावेशी र दिगो नीति तथा कार्यक्रम निर्माण गरिएको छ । स्रोतसाधनको सीमितता बीच पनि जनताको अपेक्षा, अधिकार र आवश्यकतालाई केन्द्रमा राखेर आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम निर्माण गरिएको छ ।

पूर्वमा बुढीगण्डकी, पश्चिममा दरौंदी नदी, उत्तरमा मोतिखोला र दक्षिणमा ज्यादुल खोलाले सिमाना कोरिएको ऐतिहासिक भिमसेनथापा गाउँपालिका नेपालका प्रथम प्रधानमन्त्री भिमसेन थापाको नाममा पुर्नसंरचना गरिएको गाउँपालिका हो । उनै भिमसेन थापाले देखाउनु भएको अदम्य साहस, बहादुरी, देशभक्ति र औपनिवेशिकता

विरुद्धको लडाइँ हामी भिमसेनथापा बासीहरुका लागि गौरव र प्रेरणाको स्रोत रहेको कुरा पनि अवगत गराउन चाहान्छु ।

**गाउँसभाका सदस्यज्यूहरु !**

भिमसेन थापा गाउँपालिकाको वडा नम्बर १ मसेलमा ब्राम्हण, क्षेत्री, बराम, नेवार र दलित, वडा नम्बर २ सिद्धकाली अमरवस्तीमा ब्राम्हण, क्षेत्री र दलित, वडा नम्बर ३ तान्द्राङ्गमा ब्राम्हण, क्षेत्री, दलित, बराम र भुजेल, वडा नम्बर ४ धावामा ब्राम्हण, क्षेत्री, दलित, नेवार र तामाङ्ग, वडा नम्बर ५ बगुवामा नेवार, ब्राम्हण क्षेत्री, दलित र बराम, वडा नम्बर ६ अश्राङ्गमा मगर, बाम्हण, क्षेत्री, नेवार, दलित र मुस्लिम, बडा नम्बर ७ र ८ वोर्लाङ्गमा दलित नेवार, ब्राह्मण, क्षेत्री, दराई र कुमाल समुदायको बसोबास रहेको छ । यो गाउँपालिका विभिन्न जात—जाती, भाषा र संस्कृतिका समुदायहरूको शान्तिपूर्ण सहअस्तित्व, सद्भाव र सहिष्णुता रहेको छ। जसले समानुपातिक र सहभागितामूलक, समावेशी शासन प्रणालीलाई जीवन्त बनाएको छ।

यस गाउँपालिकामा वडा नंम्बर १, २, र ३ लाई पूव पश्चिम मध्यपहाडी लोकमार्गले जोडेको छ । जसले भविस्यमा थुप्रै विकासका सम्भावनाको ढोका खोलेको छ। गाउँपालिकाको वडा नम्बर ३, ४, ७ र ८ लाई नेपालकै राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको बुढीगण्डकी जलविद्युत् आयोजनाले छोएको छ। आयोजना सम्पन्न भएपछि कृत्रिम ताल, रिङरोड, पर्यटन र पूर्वाधारको विकासले भिमसेनथापाको आर्थिक मुहार नै परिवर्तन गर्नेछ भन्ने कुरामा कुनै दुइमत छैन। यद्यपी, छिटो आयोजना निर्माणका लागि गाउँपालिकाको तर्फबाट संघीय सरकारलाई निरन्तर दवाब र खबरदारी दिनु आवश्यक छ।

गाउँपालिकाको वडा नम्बर ५ मा निर्माणाधीन एकीकृत मिलन बस्ती, वडा नंम्बर ६ को अश्राङ र वडा नं १ मसेल तथा वडा नं ५ बगुवा गोरखा नगरपालिकासँगको सीधा सम्बन्धले विकासको गतिमा तीव्रता ल्याउन सकिन्छ। पालिकाका सवै वडालाई जोड्न तिव्रगतिमा भिमसेनथापा गाउँपालिका चक्रपथ निर्माण, टोल-टोलदेखि वडासम्म जोड्न लिङ्क रोड, सवैजसो टोलमा कच्ची मोटरबाटो, विजुलीको सुविधा, एक घर एक धारा खानेपानी पुग्ने अवस्थामा हामी पुग्नुले गाउँपालिकाको विकास र समृद्धीको बाटोमा हिडिरहेका छौ भन्ने पुष्टि गर्छ। अब हामी अझै सुशासन सहितको दिगो र गुणस्तरीय एवं वातावरणमैत्री विकासमा ध्यान दिन आवश्यक छ।

रोजगारी सिर्जनाका लागि नवउद्यमशीलता प्रवर्द्धन र नवप्रवर्तनका कार्यक्रमहरू सञ्चालनका लागि कृषि, पर्यटन, साना उद्योग, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार विकास, सीप विकास र सामाजिक सुरक्षा तिव्रताका साथ अघि बढाउने भिमसेन थापा गाउँपालिकाको प्राथामिकता हो। "स्वास्थ्य, स्वास्थ्यकर उत्पादन, सीप, उच्च शिक्षा, संस्कार र रोजगार,त्यसका लागि पूर्वाधार" नाराका साथ गाउँपालिका सरकार गाउँटोल घरघरमा स्थानीय सरकारको अनुभूति दिलाउन चाहान्छ। जनताको जीवनशैलीमा गुणात्मक परिवर्तन ल्याउन, स्थानीय स्रोत—साधन कच्चापदार्थको अधिकतम् उपयोग, पारदर्शी, छिटोछरितो, जनउत्तरदायी र प्रभावकारी सेवा प्रणाली विकास हाम्रो प्रमुख लक्ष्य हो।

सामाजिक न्याय, समावेशी विकास, आर्थिक समृद्धि र उत्तरदायित्व सहितको स्थानीय सरकार सञ्चालनको अभ्यास गर्दै गाउँपालिका भित्रका ४३ जना सहिद तथा वेपत्ताको उच्च वलिदान र सम्मानको प्रतिबद्धता साथ भिमसेन

थापागाउँपालिकालाई ग्रेट (गौरव गर्न लायक), स्मार्ट (छिटो-छरितो र सुन्दर) समृद्ध (विकसित अभाव र तनावरहित) हरियाली, स्वच्छ र सु-संस्कृत समाजवाद उन्मुख समाजवादको नमुना योग्य आधारशिला बनाउन सकिने प्रचुर सम्भावना छन् ।

व्यवस्था परिवर्तन भएर पनि अवस्था परिवर्तन हुन नसकिरहेको परिप्रेक्ष्यमा स्थानीय आर्थिक विकासको अवधारणालाई अवलम्बन गरी विकास र समृद्धिको निम्ति स्थानीय साधनस्रोत, जनशक्ति, भूमि, पूँजी, यन्त्र, औजार, प्रविधि, बजारको विश्लेषण, विकास र व्यवस्थापनमा क्रान्तिकारी सोच र नेतृत्व आजको आवश्यकता हो । वर्गसंघर्षमा यस गाउँपालिका र तपाईं हामीले प्रदर्शन गरेको श्रेष्ठता समाजवादको आधार तयार पार्न र भिमसेनथापा गाउँपालिकालाई साच्चै ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, सम्बृद्ध, सु-संस्कृत समाजवाद उन्मुख नमुना गाउँपालिका बनाउन स्थानीय सरकारका सबै तहका हामी प्रतिनिधिहरू एकताबद्ध भएर अघि बढ्नुपर्छ ।

स्थानीय सरकार र जनप्रतिनिधिहरु गाउँ टोल, घर—घरसम्म परिचालित भयौं भने यस आर्थिक वर्षको नीति तथा कार्यक्रममा समेटिएका योजनाबाट भिमसेनथापा गाउँपालिकाको आर्थिक, सामजिक, साँस्कृतिक मात्र नभएर हामीले चाहेको र गाउँपालिकाबासी आमनागरिकहरुले खोजेको रूपान्तरणको उद्देश्य बल्ल पूरा हुनेछ ।

संघीय लोकतान्त्रीक गणतन्त्रको मूल मर्मअनुसार विकेन्द्रीकरण, समावेशी विकास, सामाजिक न्याय र आर्थिक समृद्धिको लक्ष्यसहित भिमसेनथापा गाउँपालिकाले विविध क्षेत्रको विकासमा ध्यान दिंदै आगामी आर्थिक वर्षका लागि यथार्थपरक र कार्यान्वयन योग्य नीति तथा कार्यक्रम निर्माण गरिएको छ । यस नीति तथा कार्यक्रमले संविधानद्वारा प्रत्याभूत मौलिक हक तथा सेवा प्रवाहमा समान पहुँच सुनिश्चित गर्दै जनताको सहभागिता र उत्तरदायित्वलाई केन्द्रमा राखेर तयार पारिएको व्यहोरा अवगत गराउन चाहान्छु ।

मुलुकमा संघीयता सँगै तिन तहको शासकीय संरचना अनुरुप स्थानीय तहमा दोस्रो कार्यकालको अन्तिम वर्षको निति तथा कार्यक्रम प्रस्तुत गरीरहदा २०७९ मा निर्वाचित भई पहिलोपटक आ.व. २०७९/८० को निति तथा कार्यक्रम, जनताको अपेक्षा, विश्वास, समर्थन र भावनालाई समेत स्मरण गरेको छु। हजारौं शहिदहरुको बलिदान, जनताको लामो संघर्ष, त्याग र समर्पणमा स्थापीत भएको संघीयता सँगै निर्वाचनको समयमा भिमसेनथापाबासीका सामु राखेका प्रतिबद्धता, संकल्प र परीवर्तनका खाकाहरुलाई हामीले आत्मसाथ गरेका छौं। बढ्दो जनअपेक्षा, परिवर्तीत राजनैतिक उतार-चढाव, सिमित स्रोतसाधनका बीच निर्वाचित हुँदै गर्दाको समय र अहिलेको अवस्थामा सम्रग भिमसेनथापा गाउपालिकाको विकासको स्वरुप र परिवर्तनलाई हेर्दा आत्मगौरव, आत्मसम्मानको अनुभूति गरेको छु।यद्यपी हाम्रा निति तथा कार्यक्रम र बजेट बिचको खाडललाई परिवर्तीत व्यवस्था र जनताको अवस्था बिचको सामञ्जस्यता मिलाउँदे अगाडी बढ्नु आजको चुनौति हो। हालसम्म प्राप्त उपलब्धीहरुलाई संस्थागत गर्दै हामीले सुरुवात गरेको, संचालनमा आउने क्रममा रहेको र संचालित विकास योजना जनताले अनुभूत गर्नेगरी अगाडी बढाउनु आजको आवश्यकता हो। वर्तमान कार्यकालमा प्रारम्भ भई विभिन्न कारणले सम्पन्न हुन नसकेका विकास आयोजना तथा कार्यक्रमलाई उच्च प्राथमिकताका साथ सम्पन्नन गरिनेछ।हामीले जनता सामु गरेको प्रतिबद्धताको अधिकतम् कार्यान्वयन गरी अधुरा योजनालाई निरन्तरता र प्राथमिकताको सुनिश्चित गरिनेछ।

आजको गाउँसभा सिंगो भिमसेन थापा गाउँपालिका निर्माणमा केन्द्रित, जनसरोकारमा आधारित, व्यवहारिक कार्यदिशा तय गर्ने ऐतिहासिक अवसर हो । हामी सबैले यो अवसरलाई जिम्मेवारीपूर्वक उपयोग गर्नेछौं भन्ने विश्वास व्यक्त गर्दै यो १८ औं गाउँसभामा आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमहरू बिषयगतरुपमा प्रस्तुत गर्न चाहन्छु ।

गाउँसभा सदस्यज्यूहरु!

अब म गाउँपालिकाको आ.व. २०८३/०८४ को आर्थिक विकास सम्बन्धी नीति प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

<u>कृषि सम्बन्धी नीति</u>

- कृषि क्षेत्रलाई थप उत्पादनमुखी र रोजगार मुलक बनाई नागरिकको जीवनस्तर उकास्न कृषिलाई आधुनिकीकरण, यान्त्रिकीकरण तथा व्यवसायीकरण गर्दै कृषि उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन जोड दिइनेछ।
- प्रत्येक वडालाई एक वडा, एक उत्पादन पकेट क्षेत्रको रुपमा विकास गर्दै लगिने छ ।
- कृषि उत्पादन वृद्धि गर्नका लागि माटो परिक्षण, उपचार विधि, किटबक्स तथा मोबाईल घुम्ति शिविरबाट माटो परिक्षणको व्यवस्था मिलाईनेछ ।
- भिमसेनथापा गाउँपालिका भित्र विषादी प्रयोगमा न्यूनिकरण गरी वातावरण अनुकुलनमा टेवा पुर्याउने र प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरिनेछ ।
- भूगोल, हावापानी, र माटो सुहाँउदो तरकारी बाली, फलफूल, खाद्यन्न, नगदे, बाली प्रर्बद्धन कार्यक्रममा विशेष प्राथमिकता दिईनेछ ।
- कृषकहरुको कृषि उत्पादनमा लागत न्यूनिकरण गर्न यान्त्रिकरण तथा साना सिञ्चाई कार्यक्रमलाई निरन्तरता दिईने छ।
- गुणस्तरीय कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न मौसमि र बेमौसमि तरकारी, र खाद्यान्न लगायत बालीहरुको गुणस्तरीय विउ उत्पादन गरि प्रमाणिकरण गर्ने गरि कार्य अघि बढाउने छ।
- विपद् व्यवस्थापन, आकस्मिक हुने क्षति, प्रकोप रोग किरा नियन्त्रण गर्न आई.पि.एम पाठशालाको व्यवस्था तथा स्वस्थ्य बाली विरुवा उत्पादन गर्न भएका नर्सरीहरुको समुचित प्रयोग गर्दै आवश्यकता अनुसार थप नर्सरीको व्यवस्थापन गरि सन्चालन गरिनेछ ।
- कृषि प्रसारलाई थप प्रभावकारी बनाउन कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमी, व्यवसायिक कृषकहरुलाई उत्पादनमा आधारित अनुदानमा प्रोत्साहन तथा पुनर्ताजकी कार्यक्रम लागु गरिनेछ ।
- अनुदान लिएर व्यवसाय नगर्नेलाई कारवाहीको नीति अवलम्बन गरिनेछ ।
- यस गाउँपालिकालाई फलफूल, तरकारी, र खाद्यान्नमा आत्मनिर्भर बनाउन संघ-प्रदेश सरकार र संघसंस्थासँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।
- सुन्तलाजात र कफि खेतीको लागि सम्भावना बोकेका गाउँपालिका भित्रका जमिनमा आफ्नै नर्सरी स्थापना गरी व्यवसायिक खेती सुरु गरिनेछ।

- यस पालिका भित्रका कृषकहरुलाई पालिका स्तरीय नर्सरीबाट गुणस्तरीय बेर्ना उत्पादन गरि उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- बाली बीमा कार्यक्रमलाई प्राथमिकता दिई पूर्ण बाली बीमा गाउँपालिका तर्फ उन्मुख गर्ने नीतिको अवलम्बन गरिनेछ ।
- बेरोजगार, विदेशबाट फर्केका युवायुवतीलाई स्वरोजगार तथा व्यवसायिक उद्यमी बनाउने उद्देश्यलाई बैंकंहरुसँग समन्वय गरी उद्यमशील हुने वातावरणको निर्माण गरिने छ ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत हाल सञ्चालनमा रहेको पकेट कार्यक्रमलाई निरन्तरता दिईनेछ । साथै एक वडा एक उत्पादन पकेट कार्यक्रमलाई प्रभावकारी बनाईने छ ।
- गाउँपालिका भित्र रहेका सवै कृषि तथ्याङ्क संकलन तथा किसान सूचिकरण कार्यलाई पूर्णता दिईनेछ।
- भिमसेनथापा गाउँपालिकाले कृषि उपज, पशुपन्छीजन्य उत्पादन तथा कृषि सामग्रीको समयमै, सुरक्षित र सहज ढुवानी सुनिश्चित गर्न कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्नेछ। उक्त सेवा पारदर्शी, समावेशी, पहुँचयोग्य तथा लागत-प्रभावकारी ढङ्गले सञ्चालन गरी कृषकको उत्पादन लागत न्यूनीकरण र बजार पहुँच अभिवृद्धि गरिनेछ।
- यस गाउँपालिकाले माटो, बीउ, मल तथा बाली रोग-कीराको परीक्षण एवं विश्लेषण सेवाका लागि कृषि प्रयोगशाला स्थापना तथा सञ्चालन गर्नेछ। कृषि उत्पादनको गुणस्तर अभिवृद्धि, वैज्ञानिक खेती प्रवर्द्धन तथा कृषकलाई प्राविधिक परामर्श सेवा उपलब्ध गराउन प्रयोगशाला सेवालाई प्रभावकारी र पहुँचयोग्य बनाइनेछ।
- सहकारी, कृषि समूह र निजी क्षेत्रसँग सहकार्य गरि कृषि उपजको स्थानीय देखि राष्ट्रिय बजारसम्म पहुँच बृद्धि गरि बजारीकरणमा जोड दिइनेछ। स्थापना भएका कृषि उपज संकलन केन्द्र, प्राङ्गारिक मल उद्योग, हाटवजार कृषि भण्डारण र शीत भण्डारण (□□□□ □□□□□) लाई व्यवस्थित बनाई संचालन गरिनेछ।
- भूमि बैंक संचालन र व्यस्थापन गर्दै, बाँझो जग्गा जमिनमा खेती गर्ने कृषकलाई प्रदेश सरकारसँग समन्वय गरी अनुदान प्रोत्साहन, खाली जमिनलाई पूर्ण उपयोग गर्ने गरी कार्यक्रम अघि बढाइनेछ । जग्गा बाँझो राख्न नपाइने नीति अवलम्बन गरिनेछ ।
- उपयोगमा नआएका जग्गा जमिनलाई चाक्लाबन्दी, पकेट क्षेत्र, क्लष्टर बनाई कृषिको लागि प्रयोग गर्न अभिप्रेरित गरिनेछ।
- सार्वजनिक वनक्षेत्र, सडक तथा राजमार्गको किनारा, नदी उकास र उपयोग विहिन सार्वजनिक सरकारी जमिनमा फलफुल र अन्य विरुवा रोप्ने र संरक्षण गर्ने कार्यक्रमलाई पि.पि.पि. मोडेलमा अभियानको रुपमा सञ्चालन गरिनेछ।
- कृषकको बारीमै कृषि प्राविधिक पठाएर कृषकहरुको समस्या, सुझाव औषधी उपचारमा सहयोग पुऱ्याउन पहल गरिनेछ ।
- मध्यपहाडी लोकमार्ग दुग्ध कोरिडोरको रुपमा विकास गर्दै दुध संकलन तथा भण्डारणका लागी चिलिङग केन्द्र यथोचित व्यवस्थाका लागी निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

- स्थानीय प्रजातिका धान, मकै, कोदो, कोसेवाली, तेलहन, दलहन, लगायतका बालीहरुको संरक्षणको लागि जीन बैंकसँग आवश्यक सहकार्य गरि बीउ-बिजन बैंक स्थापना र संचालन गर्न पहल गरिनेछ ।
- मानव जीवन र मौरीसंगको सम्बन्धलाई मनन गरी एक घर, एक मौरी घारको नीति अवलम्बन गरिने छ।
- कृषि तथा पशुपंक्षी जन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियनत्रण सम्वन्धमा रोकथाम तथा नियन्त्रणको नीति अवलम्वन गरिने छ ।
- साना खालका चिलिङ मेशिनहरु अनुदानमा वितरण गर्ने नीति अवलम्वन गरिनेछ, गोलभेडा तथा फलफूल एवं अन्य कृषिजन्य वस्तुहरुको प्रशोधनको लागि प्रशोधन केन्द्र स्थापना तथा सञ्चालनको लागि आवश्यक पहल गरिने छ ।
- बाँदरबाट कृषकलाई परेको समस्या समाधानका लागि संघीय र प्रदेश सरकारसँग साझेदारी गरी आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- महिलामैत्री कृषि उपकरणहरु प्रयोगमा ल्याई महिलाहरुलाई कृषि मार्फत आर्थिक सशक्तिकरणमा लगिने छ।
- एकल महिला/पुरुष तथा महिला घरमुली भएका एवं विपन्न परिवारलाई विशेष प्राथमिकतामा राखिने छ ।
- किसानहरूको लागि तत्कालको लागि मात्र नभएर आफ्नै उत्पादनमार्फत संस्थागत गर्दै पेन्सनको रूपमा उपयोग गर्ने गरी किसान पेन्सन बचत योजना संचालन गरिनेछ।
- हरेक पाँच परिवारको सहभागिता रहने गरी कृषि सहकार्य समूह गठन गर्ने । ती समूहहरू पालिकामा दर्ता गर्ने, समूहको स्थायी लेखा नम्बर लिने, सहुलियतपूर्ण ऋण लिनका लागि आवश्यक सहजीकरण गरिनेछ ।
- उत्पादनको आयोजना, पशुपालन (दुग्ध तथा मासु), मसलाबाली, फलफूल खेती, जडीबुटी, बिउबिजन, अन्य उच्च मूल्यका बाली लगाउने नीति लिईनेछ । त्यसमा आधारित उद्योगहरू संचालन गर्न प्राविधिकहरू समेतको सल्लाहमा योजना बनाइनेछ । यसको लागि आफूसँग भएको जमिन उपयोग गर्न सकिने, वन जंगल, श्रमशक्ति, आफूसँग भएको पुँजीको सदुपयोग गर्ने गरी साझेदार संघ-संस्थाको सहयोगमा कार्यक्रम संचालन गरिनेछ ।
- उत्पादनमा गरिने कामको विवरणका साथै सबै रेकर्डहरू सुरू देखि नै राख्ने, लेखा प्रणाली व्यवस्थित गर्ने, आपसी सहयोग, आदान प्रदान गर्ने, कार्यमा सचेततापूर्वक लागिरहने साथै स्थानीय सरकार तथा विज्ञहरूले उत्पादन कार्यका लागि सहकार्य समूहहरूको परिचालन तथा अनुगमन गर्ने व्यवस्था गरिनेछ ।
- घरेलु मदिरा (जाँड, रक्सी, वाइन) उत्पादनलाई कार्यविधि बनाई कानुनी दायरा भित्र ल्याएर लेवलिङ, ब्राण्डिङ र बजारीकरण गर्ने व्यवस्था मिलाइनेछ । साथै घरेलु मदिरा उत्पादनका लागि आवश्यक कोदो खेतीलाई प्रोत्साहनका लागि उत्पादनका आधारमा अनुदानको व्यवस्था गरिनेछ ।
- उत्पादनलाई बजारीकरणका लागि अनलाइन बजार प्रणालीको विकास र प्रयोग एवं एक टोल एक उत्पादन पकेट, संकलन केन्द्र, पोषण केन्द्र, प्रशोधन उधोग स्थापना गर्न टोल विकास संस्थाहरुलाइ सक्रिय गराइनेछ।
- कृषि संग सम्बन्धित विश्वविद्यालय एवं शिक्षण संस्थाहरुसंग समझदारी गर्ने गरी कृषि क्षेत्रलाई टेवा पुग्ने कार्यक्रम आयोजना गरिने छ।

- व्यवसायिक च्याउ उत्पादन प्रशोधन तथा बजारीकरण मार्फत कृषकको आयस्तरमा बृद्धि गर्न च्याउ खेति प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रत्येक वडामा स्थापति कष्टम हायरिङ सेन्टर लाई व्यवस्थित रुपमा सञ्चालन गर्न पहल गरिनेछ ।
- प्रत्येक वडामा नमुना जैविक फार्म स्थापना गरिनेछ।
- उत्पादन तथा खेति गरिएको क्षेत्रफालमा आधारित भई अनुदान रकम उपलब्ध गराईने छ ।
- फुलखेति कार्यक्रमलाई निरन्तर्ता दिईनेछ ।
- कृषकहरूलाई आधुनिक, वैज्ञानिक, र दिगो कृषि अभ्यासमा दक्ष बनाई नयाँ प्रविधि, सुधारिएको बीउ, मल व्यवस्थापन, कीट व्यवस्थापन आदिमा जोड दिईनेछ ।

**<u>पशु विकास सम्बन्धी नीति २०८३-८४:</u>**

- पशुसेवा शाखा कार्यालय व्यवस्थापन तथा संचालनका लागी आवश्यक पशुवस्तु औषधी, उपकरण, फर्निचर लगायत भेटरिनरी चिकित्सक सहितको प्राविधिक जनशक्तिको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- पशु जन्य उत्पादनलाई प्रोत्साहन गर्न वडा/वडाका सङ्कलन केन्द्र र पालिकाको हाटबजार केन्द्रित उत्पादनमा आधारित अनुदान योजना कार्यान्वयनमा ल्याइने छ ।
- पशुहरुमा लाग्ने विभिन्न माहामारी जन्य रोगको नियन्त्रण र रोकथामको लागि आवस्यक व्यवस्था मिलाइनेछ।
- पशु बिमा कार्यक्रम तथा पशुको पूर्ण खोप अभियानलाई निरन्तरता दिईने छ।
- दुग्ध तथा मासु उत्पादन वृद्धिका लागि पशु वस्तुमा नश्ल सुधारको लागि कृतिम गर्भधान कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- एक वडा एक पशु प्राविधिकको व्यवस्थालाई निरन्तरता दिइनेछ।
- बाख्रा तथा भैसीको पकेट क्षेत्र निर्माण गरी आधुनिक खोर निर्माण, माउ, प्रविधि र व्याडको व्यवस्था गरिनेछ।
- निर्बाहामुखी कृषि प्रणालीलाई ब्यबसायिक बनाउनका लागि कृषकहरुको क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको मध्यपहाडी लोकमार्ग दुग्ध करिडोर एवं पालिकालाई बाख्रा पकेटको रुपमा विकास गर्न पहल गरिनेछ।
- घाँस स्रोत केन्द्रलाई व्यवस्थित गर्दै बर्षभरी हरियो घाँसको उपलब्धता सुनिश्चित गर्न हरियो घाँसको बिउ बेर्ना उपलब्ध गराउने व्यवस्था गरिनेछ। साथै सोको उत्पादनको लागि एक उन्नत घाँस विकास स्रोत केन्द्र स्थापनाका लागि आवश्यक पहल गरिनेछ।
- पशु घुम्ति शिविरको व्यवस्था गरी घर घरमा पशु स्वास्थ्य उपचारको व्यवस्था मिलाइने छ।
- रेबिज र खोरेत रोग मुक्त पालिका बनाउनको लागि रेबिज रोग बिरुद्धको खोप र सामुदायिक छाडा तथा घरपालुवा कुकुरहरुको स्थायी बन्ध्याकरण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

- गाउँपालिकामा रहेको हाटबजारमा पशुहरुको खरिद बिक्रि सहजिकरण गर्नको लागि आवस्यक नमुना गोठ तथा संकलन केन्द्र संचालनमा ल्याइनेछ ।

## उद्योग, व्यापार तथा व्यवसाय सम्बन्धी नीति

- "एक वडा एक उद्योग" अभियान अन्तर्गत वडागत विशिष्ट व्यवसाय चिनारी र प्रवर्द्धनको नीतिलाई अगाडी बढाइनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापना गर्न प्रोत्साहन दिईने छ । लघु तथा घरेलु उद्यम प्रर्वद्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुको वजारीकरणको व्यवस्था गरिनेछ ।
- स्थानीय सहकारी संस्था, निजी क्षेत्र, शिक्षण संस्था र संघ—संस्थासँग सहकार्यमा उद्यमशिलता प्रवर्द्धन जोड दिइनेछ ।
- उद्योग व्यवसाय विकासका लागि आवश्यक नीति सुधार, बजेट विनियोजन र अनुगमन प्रणाली सुदृढ गरिनेछ।
- कागजी प्रक्रिया सरल गरी उद्योग दर्ता तथा नविकरणलाई सहज बनाउने नीति लिइनेछ ।
- व्यवसाय दर्ता, नविकरण तथा अनुमति प्रक्रिया सरल र अनलाइनमै हुने व्यवस्था मिलाइनेछ ।
- पालिका स्तरीय हाटबजार लाई नै औद्योगिक ग्रामको रुपमा विकास गर्दै लगिने छ।
- पालिका भित्रका खनिज र उत्पादित वस्तुहरु उत्खनन् र प्रशोधन गर्न उद्योग दर्ता गरी सञ्चालन र सञ्चालनका लागि अनुमति दिने व्यवस्था गरिने छ ।
- कर प्रणाली पारदर्शी, सरल, र प्रभावकारी बनाइनेछ ।
- डिजिटल प्रणालीबाट कर संकलन प्रणाली लागू गरिनेछ ।
- सम्पत्ति कर, व्यवसाय कर, सेवा शुल्क तथा नविन राजस्व स्रोत पहिचान गरि कार्यान्वयनमा जोड दिइनेछ ।
- आन्तरिक आयलाई सवल बनाउन राजश्वमा सुधार गरी सहज, सरल र दायरा फराकिलो वनाई सर्वसुलभ बनाइने छ । आन्तरिक आय वृद्धि गर्नका लागि राजश्वका/करका विभिन्न क्षेत्रहरुको अध्ययन गरिने छ । उत्कृष्ट करदातालाई सम्मान गरिने छ ।
- गाउँपालिका भित्रका सम्पुर्ण करयोग्य व्यवसायलाई करको दायरामा ल्याईने छ। सम्पत्ति करलाई अरु व्यवस्थित गरिनेछ । करप्रणालीलाई व्यवस्थित बनाउनका लागि आवश्यक ऐन कानुन निर्माण गरिनेछ ।
- बजार अनुगमनलाई नियमित र व्यवस्थीत गर्न टोल विकास संस्थाहरुलाई सशक्तिकरण गर्दै व्यवसाय दर्ता र नविकरण कार्यलाई प्रभावकारी बनाउन जनसचेतना, अभिमुखीकरण, घुम्ती शिविर लगायतका कार्यक्रम वडा कार्यालयबाटै गरिनेछ ।
- करको दायरालाई थप फराकिलो बनाइदैं लगिनेछ ।
- भिमसेनथापा गाउँपालिकाका ८ वटै वडामा उद्यमशिलता तथा सिप विकासको माध्यमबाट महिला तथा युवा युवतीहरुको आर्थिक सशक्तिकरणको कार्यक्रमलाई निरन्तरता दिइने छ ।

## पर्यटन तथा संस्कृति सम्बन्धी नीति

- गाउँपालिका भित्रका सम्भाव्य पर्यटकीय क्षेत्रहरुको पहिचान गरी एक वडा एक पर्यटकीय पूर्वाधार निर्माण गरी त्यसको वृहत्तर एवं एकीकृत विकासको पहल गरिने छ ।
- ऐतिहासिक र धार्मिक सम्पदा (जस्तैः भिमसेनथापा स्मृति पार्क, भिमसेनथापा सङग्राहलय तथा जनयुद्ध सङग्राहलय, सहिद स्मृति पार्क, पुराना मठमन्दिर) संरक्षण र प्रचार गरिनेछ ।
- गाउँमा होमस्टे प्रवर्द्धन गरि युवालाई सामुदायिक पर्यटनमा आकर्षित गरिनेछ ।
- संस्कृतिको प्रवर्द्धनका लागि जातीय, परम्परागत पर्वको संरक्षण कार्यक्रम लागू गरिनेछ ।
- दुल्लभ पार्क, भिमसेनथापा स्मार्क पार्क, भिमसेनथापा संग्राहलय, र जनयुद्ध संग्राहलय, सहीद स्मृती पार्क, मसेल ठुलो पोखरी, सतिडाँडा, कोटकाली, चार धार्मिक धाम, मुडुलो थुम्को पार्क, अश्राङ्गकोट, कनकामना, चुलीडाँडा, काशीघाट लगायतका पर्यटकीय क्षेत्र विकास गरी उक्त स्थानमा आन्तरीक पर्यटनका लागि उपयुक्त वातावरणको निर्माण गर्न आवश्यक पूर्वाधार तथा प्रचार प्रसार गरिनेछ।
- गाउँपालिका भित्रका सवै वडा, विषयगत शाखा र समितिहरुले गरेका असल अभ्यास समेटी सम्भाव्य पर्यटकीय क्षेत्रहरुको पहिचान गरी भिमसेनथापा गाउँपालिकाले हालसम्म गरेका सबै विषयगतक्षेत्र र वडाका राम्रा काम र असल अभ्यास समेटी त्यसको वृहत्तर एवं एकीकृत विकासको वृत्तचित्र भिमसेनथापाको सेरोफेरो तयार गरिने छ।
- मनासलु पदमार्गमा जाने पदयात्रीलाई कम्तिमा एक दिन भिमसेनथापा गाउँपालिकामा बास बस्ने गरि पर्यटकीय पूर्वाधारको विकास एवं विस्तार र पर्यटन व्यवसायीहरुसँग समन्वय गरिनेछ ।
- पर्यटन क्षेत्रको विकास गर्न पर्यटन क्षेत्रमा आवद्ध पालिकाबासीको एक विज्ञ समूह गठन गरी पर्यटन विकास र प्रर्वदनका लागि आवश्यक पहल गरिनेछ ।
- एक वडा एक पर्यटकीय स्थल र अन्तर वडा पर्यटकीय सञ्जालको विकास गरिने छ ।

## श्रम, रोजगारी तथा गरिबी निवारण

- भिमसेनथापा गाउँपालिकाको आर्थिक नीति अनुरुप **"स्थानीय उत्पादन वृद्धि गर्दै, स्थानिय उत्पादन नै उपभोग गरी रोजगारी र समृद्धिको आधार** तयार गरीनेछ। यस नीति अन्तर्गत आर्थिक आत्मनिर्भरता, स्रोत साधनको वैज्ञानिक परिचालन, नवप्रवर्तनशील उद्यमशीलता प्रवर्द्धन, डिजिटल अर्थतन्त्रको सुरुआत तथा समावेशी र दिगो आर्थिक वृद्धि सुनिश्चित गरिनेछ ।
- वैदेशिक रोजगारी तथा आप्रवासनसम्बन्धी डाटा व्यवस्थापन प्रणाली तयार गर्न पहल गरिनेछ ।
- विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी श्रम बैंकलाई व्यवस्थित गरिनेछ । त्यस्ता जनशक्तिलाई स्थानीय तह भित्र उपलब्ध हुने निर्माण सेवा, व्यवसाय, उद्योग, कृषि लगायत क्षेत्रमा रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ।
- बेरोजगार युवालाई उत्पादनशील रोजगारीमा जोड्ने नीति लिइनेछ ।

- आयआर्जनमा आधारित कार्यक्रमहरूबाट विपन्न, महिला, दलित र सीमान्तकृत समुदायको समावेशी उत्थानमा जोड दिइनेछ ।
- स्थानीय उत्पादनमा आधारित लघु उद्यम विकास गर्न पहल गरिने छ।
- स्थानीय रोजगार प्रवर्द्धनका लागि निजी क्षेत्रसँग सहकार्य गरी रोजगार मेला, तालिम सञ्चालन गरिनेछ।

**<u>भूमि व्यवस्था, बैंक, वित्त तथा सहकारी सम्बन्धि नीति</u>**

- अतिक्रमणमा परेको सार्वजनिक, सरकारी, सामुदायिक जमिनको खोजी गरी त्यसको रेखदेख संरक्षण र व्यवस्थापनमा जोड दिइनेछ ।
- कृषि योग्य जमिनमा प्लटिङ गरी आवास निर्माण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।
- बाढी पहिरोको जोखिमयुक्त एवं प्रभावित क्षेत्रमा रहेका बस्तीहरूलाई सुरक्षित बनाउन आवश्यक पहल गरिनेछ।
- भू—उपयोग योजना कार्यान्वयन गर्न ’भूमि व्यवस्थापन कार्यदल गठन गरिनेछ ।
- सहकारी क्षेत्रमा राष्ट्रियस्तरमा देखिएका समस्या भिमसेन थापा गाउँपालिका भित्रका सहकारीमा आउन नदिनका लागि आवश्यक नीति बनाइ लागू गरिनेछ ।
- सहकारी संस्थाको सुरक्षाका लागि गाउँपालिकाबाट नै आवश्यक सुरक्षा नीति बनाइ पालिका भित्रका सबै सहकारीमा लागू गर्ने व्यवस्था मिलाइनेछ ।
- पालिका भित्रका सवै सहकारीहरुलाई अनिर्वाय उत्पादनमा जोड्ने नीति कार्यान्वयन गरिनेछ । स्थानीय सहकारी संस्थाहरुको अनुमति, नियमन, विस्तार, प्रशिक्षण तथा सघन अनुगमन सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- सहकारीको माध्यमबाट स्थानीय स्रोत श्रम, साधन सीप र पूँजीको अधिकतम परिचालन गरी आर्थिक, सामाजिक रुपान्तरण गर्न जोड गरिने छ । प्रत्येक वडामा एउटा कृषि, बहुउद्देश्यिय-श्रम सहकारीको स्थापना र संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- विभिन्न खालका सहकारी शिक्षा, सहकारी व्यवसाय प्रवर्द्धन जस्ता सहकारी सम्वन्धी आवश्यक तालिम सञ्चालन गरिनेछ ।

**गाउँसभा सदस्यज्यूहरु !**

अब म गाउँपालिकाको आ.व. २०८३/०८४ को **सामाजिक विकास सम्बन्धी नीति** प्रस्तुत गर्दछु ।

**शिक्षा तर्फ**

- बालविकास सहजकर्ता, विद्यालय सहयोगी र विद्यालयका लेखा हेर्ने कर्मचारीलाई खाइपाई आएको सेवासुविधा यथावत कायम गरिनेछ ।
- सुत्केरी सट्टा शिक्षक व्यवस्था गरि विद्यालय पठनपाठनलाई व्यवस्थित गरिनेछ ।
- शिक्षक तथा कर्मचारीहरुलाई सक्षम बनाउन क्षमता विकास सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालयका शिक्षक तथा कर्मचारीहरुको पेसागत क्षमता विकासका लागि समयानुकूल तालिम, प्रशिक्षण तथा गोष्ठिहरुमा सहभागी गराइनेछ ।

- पालिकास्तरीय अतिरिक्त कृयाकलापहरु सञ्चालन गरिनेछ । त्यसका लागि बजेटको व्यवस्था गरिनेछ ।
- रु.१ दैनिक उपस्थित विद्यार्थी अनुदानमार्फत अभिभावक शिक्षाको कार्यक्रममा जोड दिईनेछ
- यस पालिकाबाट खेल क्षेत्रमा विशेष योगदान गर्ने खेलाडी तथा खेलप्रेमीहरुलाई विशेष सम्मान तथा प्रोत्साहन प्रदान गरिनेछ ।
- प्राविधिक तथा साधारण धारका विद्यालय/शैक्षिक संस्थाहरुमा अध्ययनरत विद्यार्थीहरुलाई गरिब तथा जेहेन्दार छात्रवृति कार्यक्रम ल्याई थप प्रोत्साहित गरिनेछ ।विद्यालयहरुमा त्रैमासिक/वार्षिक परीक्षा व्यवस्थापन तथा सञ्चालन गर्न अनुदानको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- शिक्षा शाखाको प्रशासनिक तथा व्यवस्थापकीय पक्षमा सुधार गरिनेछ ।
- प्रधानाध्यापकहरुको नियमित बैठक गरि विद्यालयका गतिविधीहरु आदानप्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । त्यसका लागि खाजा तथा यातायात खर्चको व्यवस्था गरिनेछ ।
- प्राविधिक धार सञ्चालित विद्यालयहरूलाइ थप सुदृढ गर्दै लगिनेछ ।
- विद्यार्थीमा असल आचारण निर्माण, स्वस्थ जीवनशैली र सामाजिक भावना जागृत गर्न विद्यालय तथा पालिकामा स्काउट कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था मिलाइनेछ ।
- स्थानीय सहिद स्मृति रनिङशिल्ड प्रतियोगिता एवम् जिल्ला/प्रदेश स्तरको राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता मा सहभागी हुन पालिकामा आवश्यक बजेटको व्यवस्था गरिनेछ। खेलकुद विकासका कार्यक्रमबाट आचारण सुधार, स्वस्थ जिवनशैली र प्रतिष्पर्धी भावना विकास गर्न पहल गरिनेछ ।
- शिक्षामा गैरसरकारी संघसंस्थाहरुसँगको साझेदारी कार्यक्रमलाई थप प्रोत्साहित गर्दै लगिनेछ । बालविकास केन्द्र, साविक प्राथमिक तह र रुम टु रिडको बालिका शिक्षा कार्यक्रमलाई पालिकाका सबै विद्यालयहरुमा विस्तार गर्न पहल गरिनेछ ।
- शिक्षा समितिलाई सबै वडामा गठन गरि सक्रिय तुल्याईनेछ ।
- अन्तर्राष्ट्रिय शिक्षा दिवश सेप्टेम्बर ८ का दिन बिशेष कार्यक्रम आयोजना गरि उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थीहरुलाई पुरस्कृत गरिनेछ ।
- सामुदायिक सिकाई केन्द्रहरुलाई थप सबलीकरण गरि यसका कार्यक्रमहरुलाई जनचेतना, संस्कृति संरक्षण र समुदाय परिचालनमा प्रयोग गर्न प्रेरित गरिनेछ ।
- करार शिक्षक छनौटका लागि सम्बन्धित विद्यालयलाई आर्थिक दायित्व नपर्ने गरि गाउँपालिकामार्फत बजेट विनियोजन गरिनेछ ।
- विद्यालय निरिक्षण, अनुगमन तथा पृष्ठपोषणलाई थप प्रभावकारी बनाई शिक्षक सहायता प्रणालीलाई मजबुत बनाईनेछ । शिक्षकहरुको पेशागत सहायताका लागि विज्ञ/रोष्टरहरुको समूह बनाई विद्यालय अनुगमन तथा पृष्ठपोषणमा जोड दिईनेछ ।
- शिक्षा, युवा तथा खेलकुद शाखाको कार्यालय व्यवस्थापनमा विशेष जोड दिईनेछ ।
- खेलकुद विकासका कार्यक्रमहरु खेलकुद विकास समिति मार्फत सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुका लागि एक शिक्षक एक डायरी कार्यक्रमलाई निरन्तरता दिइनेछ। शिक्षक तथा विद्यालयका कर्मचारीहरुलाई परिचयपत्रको व्यवस्था गरिनेछ ।
- भिमसेनथापा गाउँपालिकाको सेरोफेरो नामक (कक्षा १-८) पाठ्यपुस्तक निर्माण तथा छपाई गरि निशुल्क वितरणको व्यवस्था मिलाइनुका साथै शिक्षकलाई प्रबोधिकरण तालिमको व्यवस्था गरिनेछ ।

- कक्षा १-५ को विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित बनाईनेछ ।
- पालिकाभित्र मेगा विद्यालय सञ्चालन गर्न एवं विद्यालयको विशिष्टिकरण गर्ने गरी विद्यालय नक्साङ्कन, विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- शैक्षिक कार्यपात्रो निर्माण तथा कार्यान्वयलाई थप प्रभावकारी बनाइनेछ ।
- प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थीहरुलाई कठिनाई का आधारमा छात्रबासको लागि अनुदानको व्यवस्था मिलाइनेछ ।
- मदरसा अनवरुल उलुम प्राविमा चाइल्ड केयर सेन्टरको स्थापना र व्यवस्थापनमा साझेदारी गरिनेछ ।
- MBBS मा अध्ययन गर्ने विद्यार्थीहरुको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- आवश्यक्ता र मागका आधारमा विद्यालयहरुको बहुउद्देशिय हल निर्माणमा जोड दिइनेछ ।CLEC कार्यक्रमलाई प्रभावकारी बनाउन जोड दिइनेछ।

**स्वास्थ्य तथा पोषण तर्फ**

- ७० बर्ष माथिका जेष्ठ नागरिक अपाङ्गता भएका तथा अशक्त नागरिकहरुका लागि मासिक रुपमा गाउँ टोलमा नै स्वास्थ्य सेवा प्रदान गर्न गा.पा.अध्यक्ष जेष्ठ तथा अशक्त नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रमलाइ थप प्रभाबकारी बनाउदै निरन्तरता दिइनेछ ।
- वालवालिकाहरुले तोकिए बमोजिमका खोपहरु समयमै प्राप्त गर्ने नैसर्गिक अधिकारको ग्यारेन्टी सहित गाउँपालिकालाइ पूर्णखोपको अबस्था कायम राख्दै दिगोपन सूनिश्चितालाई निरन्तरता दिइनेछ ।
- क्षयरोग नियन्त्रण कार्यक्रमलाइ प्रभावकारी वनाउदै समुदायमा लुकेर रहेका क्षयरोगि पत्ता लगाइ उपचारको दायरामा ल्याउने र क्षयरोगलाई जनस्वास्थ्य समस्याको रुपमा रहन नदिन क्षयरोग मुक्त पालिका घोषणा अभियान संचालन गरिनेछ।
- सवै नागरिकहरुलाइ अनिवार्य स्वास्थ्य विमामा आबद्ध गराउने नीति अनुसार सहिद स्मृति आधारभुत अस्पतालमा शुरु भएको स्वास्थ्य विमा कार्यक्रमलाइ थप व्यबस्थित गर्दै बुढिगण्डकी बृद्धाश्रमका आश्रीतहरु, गाउँपालिका भित्रका विपन्न परिवारलाई साथै आय श्रोत नभएका अपांगता भएका व्यक्तिको परिवारको स्वास्थ्य विमा वापत लाग्ने रकम गा पा मार्फत भुक्तानी गरिने व्यबस्थालाई निरन्तरता दिइनेछ।
- सहिद स्मृति आधारभुत अस्पताल बाट प्रदान गरिने सेवा लाइ थप व्यबस्थित र प्रभाबकारी बनाउन आबस्यकतानुसार जनशक्ती सहित सेवाको गुणस्तर बृद्धि गरिनेछ। गा पा भित्र बसोबास गर्ने नागरिकहरुलाइ चिकित्सकीय सेवामा पहुँच बढाउन आबस्यक चिकित्सकको व्यबस्था सहित वडा स्थित स्वास्थ्य संस्थाहरुमा समय समयमा स्याटेलाइट क्लिनिक संचालन गरि चिकित्सकीय सेवा प्रदान गर्ने ब्यबस्था मिलाइनेछ ।
- गर्भवती महिलाहरुलाइ सुत्केरी सेवाका लागि स्वास्थ्य चौकी सम्म आउने साथै जटिलता भइ रेफर गर्नुपरेमा र नवशिशुमा जटिलता भइ अस्पताल जानुपरेमा एम्बुलेन्स सेवा निशुल्क उपलब्ध गराउने कार्यलाइ निरन्तरता दिइनेछ । शून्य होम डेलिभरी नीति कडाइका साथ लागु गरिनेछ।
- प्रत्येक वडामा रहेका स्वास्थ्य संस्थामा मासिक रुपमा दक्ष जनशक्तीबाट गर्भवती महिलाहरुलाइ निशुल्क भिडियो एक्स-रे गर्ने कार्यलाइ निरन्तरता दिइनेछ।

- विपन्न तथा असहाय र गरिब जेष्ठ नागरिकहरु र गर्भवती सुत्केरी र नवशिशुहरुलाइ आकस्मिक अवस्थामा स्थानीय स्वास्थ्य सस्था तथा वडाको सिफारिसमा जिल्ला अस्पतालसम्म एम्बुलेन्स सेवामा लाग्ने शुल्क गा. पा मार्फत भुक्तानीको व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिएका सेवाहरुको रेकर्ड राख्ने र प्रतिबेदन गर्ने कार्यलाई प्रविधिमैत्री र ब्यबस्थित गर्दै स्वास्थ्य कर्मिहरुको क्षमता अभिबृद्दि कार्यक्रम निरन्तर संचालन गरिनेछ।
- स्वास्थ्य चौकीहरुमा भौतिक अबस्था सुधार साथै स्वास्थ्य चौकीमा संचालित प्रयोगशाला सेवामार्फत निशुल्क आधारभुत प्रयोगशाला सेवा प्रदान गरिनेछ ।
- १००० दिन भित्रका आमा तथा बाल बालिकहरुको पोषण अबस्थामा सुधार गर्न गर्भवती सुत्केरी तथा २ बर्ष मूनिका बाल बालिकाहरु र किशोरीहरुको लागि बिशेष पोषण कार्यक्रम सन्चालन गरिनेछ । ५ बर्ष मूनिका बाल बालिकाहरुको कूपोषण दर लाइ शून्य बनाउने नीति लिइनेछ ।पोषणमैत्री स्वास्थ्य संस्था घोषणाका लागि आवस्यक सूचकका आधारमा स्वास्थ्य संस्था घोषणा गरिनेछ । पोषणमैत्री वडा पालिका निर्माण/घोषणा आधार तयार गरिनेछ ।
- किशोरीहरुमा हुने कुपोषण र रक्तअल्पतालाइ रोकथाम गर्न किशोरी आइरन कार्यक्रमलाई प्रभाबकारी बनाइनुको साथै किशोरीहरुको पोषण र रक्तअल्पताको अवस्था पत्ता लगाउने र समयमै सुधारका लागि क्रियाकलापहरु संचालन गरिनेछ ।
- नसर्ने रोगहरु रोकथाम साथै बिषादिको असुरक्षित प्रयोगले हुने प्रतिकूल असरलाइ न्यूनिकरण गर्न जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । मुटु रोग ,मृगौला रोग ,क्यान्सर लगायत मानसिक रोगहरुको समयमै पहिचान र निदान गरि उपचारको दायरामा ल्याउने र थप बिग्रन नदिन रोगहरुको स्किनिङ गर्न सरकारी गैह्र सरकारी र निजी क्षेत्र संग समेत सहकार्य गर्दै बिशेष कार्यक्रम तथा शिविर सन्चालन गरिनेछ। ।
- **म स्वस्थ, मेरो समुदाय स्वस्थ अभियान** संचालन गरिनेछ । मानसिक रोगको बढ्दो समस्या र यस बाट व्यक्ति परिवार र समुदायमा परेको असरलाइ न्यूनिकरण गर्न सचेतनामूलक कार्यक्रम साथै आवश्यकता अनुसार मनोपरामर्श कार्यक्रम संचालन गरिनेछ ।
- सरुवा रोगहरुको नियन्त्रण तथा महामारी जन्य संक्रमण रोकथाम गर्न पालिका स्तरीय साथै स्वास्थ्य संस्था स्तरीय साधन स्रोत तथा जनशक्तिलाई आवश्यकता अनुसारको सकृय बनाइनेछ । रोगहरुको फैलावट हुन नदिन विभिन्न जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । स्वास्थ्य संस्थाजन्य फोहरमैलाको उचित व्यस्थापनका लागि आबस्यक पहल गरिनेछ ।
- गाउँपालिकामा संचालन भएको सहिद स्मृति आँखा उपचार केन्द्र भिमसेनथापा ५ लाइ व्यबस्थित गर्दै आँखा सेवालाइ सबै नागरिक सम्म पुर्याउन विशेष कार्यक्रम संचालन गरिनेछ । मोतिविन्दुको निशुल्क शल्यक्रिया गर्ने व्यबस्था मिलाइनेछ ।
- बैकल्पिक चिकित्सा प्रबर्धन गर्ने नीति लिइनेछ। साथै भिमसेनथापा १ मसेलमा संचालित नागरिक आरोग्य सेवा केन्द्र र वगुवा स्वास्थ्य चौकीमा संचाललित अक्कुपञ्चर सेवा लाइ सबै नागरिक सम्म पहुँच पुर्याउन पहल गरिनेछ ।
- गा. पा भित्र सन्चालित एम्बुलेन्सहरुलाइ ब्यबस्थित रुपमा सन्चालन गर्दै, सहिद स्मृति आधारभुत अस्पतालमा संचालनमा रहेको स्वास्थ्यकर्मी सहितको एम्बुलेन्सलाइ निरन्तरता दिइनेछ ।

- स्वास्थ्य चौकी आधारभुत स्वास्थ्य सेवा केन्द्र हरुको न्यूनतम सेवा मापदण्ड कार्यक्रमले निर्दिष्ट गरेका सूचकहरुलाइ पुरा गर्न आबस्यक बजेट तथा सामग्रिको ब्यबस्था गरि गुणस्तरीय स्वास्थ्य सेवाको सूनिश्चितता गरिनेछ । साथै न्यूनतम सेवा मापदण्डका सूचकहरु पुरा गर्न सकृय स्वास्थ्य संस्थाहरुलाइ थप बजेट व्यबस्था गरि प्रोत्साहन गरिनेछ । स्वास्थ्य संस्थाहरुको भौतिक अबस्था सुधार गर्दै अत्यावश्यक औजार उपकरणको निरन्तर उपलब्धता सुनिश्चित गरिनेछ ।
- दशैं तथा तिहार जस्ता चाडवाडहरुमा हुने लामो विदाका कारण स्वास्थ्य सेवामा प्रभाब पर्न नदिन उक्त समयमा स्वास्थ्य सेवा सुचारु गर्ने व्यबस्था मिलाइनेछ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकाहरुको सेवाको उच्च मूल्याङ्कन गर्दै प्रोत्साहन कार्यलाइ निरन्तरता दिइनेछ । उत्कृष्ट सेवा प्रदान गर्ने स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरुलाइ पुरस्कृत गरिनेछ। ६० बर्ष उमेर पुगेका र १० बर्ष भन्दा बढि समय सम्म सेवा गरि स्वेच्छिक रुपमा छोड्न चाहने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्ममानजनक विदाई गरिनेछ ।
- स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको मनोवल उच्च राख्दै गुणस्तरीय सेवा प्रदान गर्न तालिम तथा प्रोत्साहन गर्ने कार्यहरु संचालन गरिनेछ । स्वास्थ्य कार्यक्रमहरुको नियमित रुपमा मासिक ,बार्षिक तथा अर्धवार्षिक समिक्षा गरि सुधारको लागि कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ ।
- एच.आई.भि पिडितहरुको लागि जाँच तथा उपचार र परामर्शका लागि यातायात खर्चको व्यवस्था मिलाईनेछ ।

**सामाजिक, समावेशी तथा महिला, बालबालिका, जेष्ठ नागरिक तर्फ**

- भिमसेनथापा गाउँपालिकामा टोल विकास संस्थाको विस्तार, क्षमता विकास गरि स्थानीय स्रोतसाधनको उपयोग मार्फत गाउँको विकास गर्न आफ्नो गाउँ आफैं बनाऔं/जसको नीति उसको नेतृत्व "टोलको शक्ति, विकासको गति" मर्म अनुरुप टोल विकास संस्थालाई थप सक्षम, सवलीकरण गरिनेछ ।
- टोल विकास संस्था र पालिकाबीच सहकार्य,समन्वय तथा लागत साझेदारीलाई विभिन्न योजना,कार्यक्रमका निश्चित मापनयोग्य सूचकहरुसंग आवद्ध गरि उत्कृष्ट टोल विकास संस्थालाई प्रोत्साहन गर्न "म नमुना बन्छु म नमुना बनाउँछु" भन्ने संकल्प सहित विविध कार्यक्रम सञ्चालन गरिने छ।
- बालमैत्री स्थानीय शासन घोषणा गर्न गत आ.व.मा निर्धारण गरिएका सूचकहरुलाई केन्द्रमा राखी सरोकारवालासंग समन्वय एवं सहकार्य गरि टोल विकास संस्थालाई सूचकको आधारमा परिचालन गर्ने नीति लिइने छ ।
- नमुना टोल निर्माण, घोषणा र प्रोत्साहनका लागि सूचकको कार्यान्वयन,नियमन,व्यवस्थापन गरि प्रभावकारी अनुगमन मार्फत नतिजामुखी बनाइने छ ।
- ४ जीपीए ल्याउने छात्रछात्रालाई सम्मान गर्ने व्यवस्था मिलाइने छ ।
- टोल विकास संस्थाहरुको सहकार्यमा महिला,दलित, आदिवासी, मुस्लिम,अपाङ्ग,तेस्रोलिङ्गी समुदाय तथा लक्षित वर्गको सशक्तिकरणका लागि सीप विकास तालिममा जोड दिइने छ
- लैङ्गिक हिंसा शून्य सहनशीलताको मान्यता अनुरुप जोखिममा परेका व्यक्तिको संरक्षण, पुनर्स्थापना गर्ने गरि टोल विकास संस्थालाई "हेल्पिङ्ग हेन्ड"को रुपमा निगरानी संयन्त्र बनाई परिचालन गर्न पहल गरिनेछ ।

- अपाङ्गता भएका व्यक्तिका लागि "डिजिटल साक्षरता" र पहुँच विस्तार गरिने छ साथै संघ संस्था र पालिकाको समन्वयमा सांकेतिक भाषा तालिमको व्यवस्था मिलाइने छ ।आवश्यकता अनुसार सहायता सामग्रीको व्यवस्थापन गरिनेछ ।
- जातीय भेदभाव तथा छुवाछुत विरुद्ध शून्य सहनशीलताको नीति अबलम्बन गरिनेछ । दलित समुदायको वित्तीय साक्षरता,उद्यमशीलता, आर्थिक सशक्तिकरणका लागि टोल टोलमा दलित सशक्तिकरण अभियान सञ्चालन गरि जातिय भेदभाव र छुवाछुत मुक्त घर-टोल, वडा र पालिका घोषणा गर्न पहल गरिनेछ। गाउँपालिकाका नागरिकले उत्पादन गरेका बिक्री योग्य वस्तु/सेवाको बजारीकरण गरि आयआर्जनलाई सुधार तथा व्यवस्थापन गर्न "भिमसेन पालिका बजार" सूचना प्रणाली सञ्चालनमा ल्याइनेछ ।माथिल्लो पुस्ताका व्यवसायिक सीपहरुलाई तल्लो पुस्तामा विस्तार गरि वेरोजगारी दर कम गर्न अन्तरपुस्ता सीप हस्तान्तरण र स्वरोजगारको नीति अवलम्बन गरिनेछ ।
- सहिद र वेपत्ता परिवारका सदस्यलाई व्यवसायिक तथा प्राविधिक सीप विकास तालिम (सिलाइ—कटाइ, ब्यूटी पार्लर, कम्प्युटर, प्लम्बिङ, इलेक्ट्रिसियन तथा आवश्कताको आधारमा अन्य) व्यवस्था गरी आयआर्जन मार्फत आत्मनिर्भर बनाउन **"आत्मनिर्भर सहिद परिवार, स्वाभिमानी जीवनको आधार"** कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- जेष्ठ नागरिक सम्मान, सहायता सामग्री वितरण, घरमै सेवा, डिजिटल साक्षरता, डिजिटल भुक्तानी सम्बन्धी सचेतना कार्यक्रमको व्यवस्था गरिने छ ।
- एकल महिला/पुरुष, हिंसा पीडित नागरिकको लागि "साना उद्यम प्रवर्धन" कार्यक्रम मार्फत व्यवसायिक सीप,ज्ञान प्रदान,डिजिटल उद्यम" प्रोत्साहनलाई जोड दिइने छ ।
- गाउँपालिकामा रहेका सबै प्रकारको विभेद, अन्त्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई आवश्यक सुदृढीकरण गरिनेछ । नेपाल सरकारले जेष्ठ नागरिक,एलक महिला तथा अपाङ्ग भएका व्यक्तिलाई उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता गाउँ टोलमा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।भत्ता वितरणमा कार्यालयको साधन उपयोग गर्ने नीति लिइने छ ।सामाजिक सुरक्षा लाभग्राही नवीकरण गरि थप वव्यस्थीत पारदर्शी बनाइने छ । घटना दर्ताको लागि सचेतना तथा अभिमुखिकरण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
- गाउँपालिका भित्रका खानेपानीको स्रोतको संरक्षण, पूर्वाधार विकासका कार्यक्रमलाई निरन्तरता दिइने छ।एक घर एक धारा कार्यक्रम सञ्चालन तथा खानेपानी मुहान र पधेरा संरक्षण सवै वडामा निरन्तरता दिइनेछ ।
- एक वडा एक सहिद स्मृति अपाङ्ग, अशक्त, जेष्ठ नागरिक मिलन केन्द्र एवं पुर्नस्थापना केन्द्र स्थापना र संचालन गरी लोककल्याणकारी स्थानीय सरकार बनाउन प्रदेश र संघीय सरकार सँग समन्वय र सहकार्य अघि बढाइनेछ।

**गाउँसभा सदस्यज्यूहरु!**

**अब म गाउँपालिकाको आ.व. २०८३/०८४ को पूर्वाधार विकास सम्बन्धी नीति प्रस्तुत गर्दछु ।**

- एक टोल एक विशेष योजना र एक वडा एक गौरवका आयोजना संचालनमा जोड दिईनेछ । प्रत्येक शहिद तथा वेपत्ताको नाममा केहि न केहि योजनाहरु संचालन/व्यवस्थापन गरिनेछ र त्यस्तो योजनाहरुलाई विशेष प्राथमिकता दिइने छ ।

- व्यवस्थित पूर्वाधार विकासका लागि अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजनाहरुको छनौट गरी क्रमश कार्यान्वयन गरिने छ ।साथै आवधिक योजना तथा क्षेत्रगत नीतिहरुको समयानूकुल सुधार तथा पुनरावलोकन गरिने छ ।
- स्थानीय स्रोत, साधन, श्रम र सिपको अधिकतम् उपयोग गर्दै आवश्यकता, प्राथमिकता र औचित्यताको आधारमा योजना तर्जुमा एवं कार्यान्वयनमा जोड दिइनेछ । योजना अनुगमन तथा मुल्यांकनलाइ सहभागीतामुलक र नतिजमुलक बनाइनेछ ।

**भवन, आवास तथा वस्ती विकास**

- सबै किसिमका पूर्वाधार निमार्ण गर्दा फरक क्षमता भएका व्यक्ति र जेष्ठ नागरिकको पहुँच सुनिश्चित हुने गरी निर्माण गरिनेछ । शहरी योजना तथा भवन निर्माण मापदण्ड, २०७२ को पूर्ण पालनामा जोड दिईने छ । नक्सा पास सम्वन्धमा जनचेतना जगाई कुनै पनि घर, टहरा नक्सा पास गरेर मात्र बनाउने अवस्थाको सिर्जना गरिने छ ।
- सडकको क्षेत्राधिकार भित्रका घर टहराहरु हटाउने र पूर्ण सुरक्षित दुर्घटना मुक्त क्षेत्रको रुपमा विकास गर्ने नीतिलाई अवलम्बन गरिने छ ।
- सामुदायिक विद्यालय भवन, जेष्ठ नागरिक विश्राम गृह, आमा समूह भवन, तथा अन्य संघ संस्थाको भवनको लागि गाभिएका विद्यालयका तथा अन्य संघ संस्थाका भवनहरुलाई आवश्यकता अनुसार मर्मत गरी प्रयोगमा ल्याइने व्यवस्था गरिनेछ र सम्भव नभएमा मात्र निर्माणमा वजेटको व्यवस्था गरिने छ ।अधुरा अपुरा निर्मित संरचनाहरुलाई पूर्णता दिई सम्पन्न गरी प्रयोगमा ल्याउने गरी आवश्यक बजेट व्यवस्था गरिने छ ।
- गाउँपालिका भित्र निर्मित सार्वजनिक संरचनाहरुको आवश्यकता अनुसार मर्मत गर्नको लागि मर्मत संभार कोषको व्यवस्था गरिने छ ।
- यस गाउँपालिकमा नक्सा पास प्रकियालाई अगाडी बढाई पालिका भित्रका सबै भवनहरुको अद्यावधिक कार्य शुरु गरिनेछ ।
- गाउँपालिकालाई वातावरणमैत्री गाउँपालिका निर्माण गर्नको लागि एक घर दुई रुख तथा एक घर दुई गमला अभियान संचालन गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- एकीकृत वस्ती विकासको कार्यक्रमलाई प्राथमिकता दिईने छ र सोको लागि सम्भाव्यताको अध्ययन गर्न आवश्यक पहल गरिनेछ ।
- ल्याण्ड पुलिङ्ग गरी संचालन गरिने एकीकृत विकास योजनाहरुलाई आयोजना बैंकमा समावेश गरी विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिने छ .

**सडक पुल तथा यातायात**

- गाउँपालिकाका मुख्य लाइफलाइन सडकको स्तरोन्नतिका लागि संघ तथा प्रदेशसँग समन्वय गरिने छ । आवश्यकता अनुसार समपुरक आयोजना सञ्चालन गरिने छ ।

- गाउँपालिकाको जोड, बाह्रै महिना रोड कार्यक्रम वडादेखि पालिकाको केन्द्रसम्म र वडामा बाह्रै महिना सडक सूचारु हुनसक्ने गरी सडक स्तरोन्नती गरिने छ । गाउँ क्षेत्र भित्र तथा बाहिरका सडकलाई एकिकृत तवरले यातायातको सुविधा पु¥याउन गाउँ यातायात गुरुयोजना अनुसार सडक निर्माण तथा विस्तार गरिनेछ।
- गाउँपालिकाको क्षेत्राधिकार भित्रका सडकहरुको सडक लगत कट्टा गरिने छ ।
- फिल्ड सर्भेका लागि आवश्यकता पर्ने सर्भे सामाग्री तथा आधारभूत इन्जिनियरिङ्ग ल्याब सामाग्रीको व्यवस्थापन गरिने छ ।
- सडक तथा यातायात विस्तार गर्दा पानीका श्रोत, वनजंगल, प्राकृतिक स्रोत तथा धार्मिक क्षेत्र विस्थापित नहुने गरी डिजाइन गरिनेछ । भौतिक निर्माण पुर्व आवश्यकता अनुसार वातावरणीय अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन तयार गरिने छ ।
- गाउँपालिकाको सुव्यवस्थित विकासको लागि आर्थिक, सामाजिक, भौतिक, शैक्षिक, ऐतिहासिक पर्यटकीय लगायतका क्षेत्रहरुलाई समेटेर हाल निर्माणाधिन भिमसेनथापा चक्रपथको निर्माण गर्ने कार्यलाई शिघ्रताका साथ अगाडि बढाईने छ ।
- यातायात क्षेत्रलाई व्यवस्थित बनाउनका लागि पालिकाभित्र वसपार्कको निर्माणको सम्भाव्यता अध्ययन तथा निर्माणका लागि आवश्यक पहल गरिने छ ।
- ग्रामिण यातायात मार्फत ८ वटै वडाहरुमा यातायात सेवालाई नियमित गर्न आवश्यक पहल तथा व्यवस्थापन गरिने छ । निजी क्षेत्रलाई स्थानीय यातायात संचालन गर्न अभिप्रेरित गरिनेछ ।
- नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गर्दै भएका सडकको स्तरोन्नती र दिगोपनमा जोड दिइने छ ।
- पालिकाभित्रको विभिन्न खोलाहरुमा संघीय सरकारसँगको लागत साझेदारीमा झोलुङ्गे पुल निर्माण कार्यलाई अगाडी बढाइने छ । जीर्ण झोलुङ्गे पुलको मर्मत सम्भार गरिने छ ।

## जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा

- वैकल्पिक उर्जाको विकास तथा पालिका भित्र सौर्य ऊर्जा जडानका लागि १ मे.वा.को प्लान्ट निर्माण गर्न आवश्यक पहल गरिने छ ।
- विद्युतीय उपकरण सुरक्षित गर्ने तथा जनधनको क्षति हुन नदिने उद्देश्यका साथ गाउँपालिका तथा वडा कार्यालयहरुमा अर्थिङ्ग तथा स्टयाविलाइजरको व्यवस्था गरिनेछ ।
- गाउँपालिका, शाखाहरु तथा स्वास्थ्य संस्थाहरुमा चौविसै घण्टा विद्युत आपुर्तिको सुनिश्चितता गरिने छ ।

## सुचना तथा सञ्चार प्रविधि

- पालिकालाई स्मार्ट पालिकाको रुपमा बिकास गर्ने अबधारणालाई तिव्रताका साथ अघि बढाइने छ । सबै वडा कार्यालयमा CLEC स्थापना र सञ्चालन गरी समावेशी, पारदर्शी, उत्तरदायी र प्रविधिमैत्री शासन प्रणाली स्थापना गर्न डिजिटल साक्षरता, डिजिटल समावेशीकरण तथा स्मार्ट पूर्वाधार विकासमा विशेष जोड दिइनेछ।

- सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न गाउँपालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्ययमवाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने व्यवस्था मिलाईने छ ।
- पालिकावासी नागरिकहरुलाई गाउँपालिकाले गरेका सकारात्मक कार्यको बारेमा जानकारी दिन स्थानीय एफ.एम रेडियोबाट कार्यक्रम उत्पादन गरी प्रशारण गरिने छ साथै गाउँपालिकाको गतिविधिहरु स्थानीय पत्रपत्रिका, टेलिभिजन साथै अन्य **Online Platform** माफर्त पनि आवश्यकता अनुसार प्रकाशन र प्रसारण गरिनेछ।
- सूचना तथा संचार क्षेत्रको संरक्षण, प्रवर्दन र विकास गर्न आवश्यक योजना बनाएर लागू गरिने छ ।
- पालिकाका मुख्य धार्मिक क्षेत्र, पर्यटकीय क्षेत्र साथै बजार क्षेत्रमा **Free WiFi Zone** बनाईनुका साथै **CC Camera** जडान गरिनेछ ।
- पालिकाभित्रका सबै विद्यालयमा **CLEC** स्थापना गरी इन्टरनेट तथा डिजिटल सिकाइ उपकरण तथा अनलाइन पाठ्यक्रमको सुनिश्चितता गरिनेछ।
- विद्यालय तथा टोलमा साइबर अपराध र डिजिटल सुरक्षासम्बन्धी सचेतना अभियान सञ्चालन गरिनेछ।
- सुचना प्रबिधिको प्रयोगगरि आय-आर्जनमा वृद्धि गर्न युवा तथा उद्यमीहरुका लागि आवस्यक तालिम तथा कार्यक्रमको आयोजना गरिने छ।
- सेवाग्राही नागरिकको कार्य छिटो छरितो गर्नका लागि एप्सको प्रयोग गरिने छ । गुनासो ब्यवस्थापनलाई प्रभावकारी बनाउँदै कार्य प्रति जवाफदेही बनाइने छ ।
- पालिका कर्मचारी तथा स्थानीय जनप्रतिनिधिलाई डिजिटल सेवा सञ्चालन, डाटा व्यवस्थापन र प्रविधिको प्रभावकारी उपयोगसम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ ।

गाउँसभाका सदस्यज्यूहरु!

अब म गाउँपालिकाको आ.व २०८३/०८४ को वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति प्रस्तुत गर्दछु।

वन सम्बन्धी नीति

- सामुदायिक वन संवर्द्धन कार्यक्रम मार्फत सामुदायिक र निजी वनको गोडमेल, पोल व्यवस्थापन र वन पैदावारको उपयोग गरी वनलाई सुन्दर र आकर्षित गरिनेछ । सामुदायिक वनको डाटा पोर्टललाई सुदृढ र व्यवस्थित गरिनेछ ।
- सामुदायिक वन उपभोक्तालाई आयआर्जनसँग जोड्न वन तथा फलफुल नर्सरी कार्यक्रम सञ्चालन गरिनेछ। साथै पकेट क्षेत्रमा जडिबुटी खेतीको सम्भाव्यता अध्ययन गरिनेछ ।
- वन कार्यालय तथा अन्य सम्बद्ध सरकारी तथा गैर सरकारी निकायहरुको साझेदारीमा सामुदायिक वनको संस्थागत सबलिकरण, वन डढेलो नियन्त्रण कार्यक्रम र वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ ।

## वातावरण तथा फोहरमैला व्यवस्थापन सम्बन्धी नीति

- जलवायु परिवर्तनबाट पर्ने वहुआयामिक प्रभावको असर विश्लेषण गरि त्यसको न्यूनीकरणका लागि दिर्घकालीन जलवायु उत्थानशील कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।जलस्रोत प्रदुषणप्रति शुन्य सहनशीलता अवलम्बन गरिनेछ ।
- बजार क्षेत्रमा घरको छत र वरण्डामा कौसी खेतीको शुरुवात गरि बजारलाई सफा र हरियो गाउँको रुपमा विकास गरिनेछ ।
- गाउँपालिकालाई वातावरणमैत्री गाउँपालिका निर्माण गर्नको लागि एक घर दुई गमला, एक टोल एक चौतारा, एक कक्षा कोठा ३ गमला, अभियानको रुपमा संचालन गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- मासिक रुपमा नकुहिने फोहोरको संकलन कार्यलाई थप व्यवस्थित गर्न प्रत्येक वडामा फोहोर व्यवस्थापन समिति गठन गरी निश्चित ठाउँमा संकलन केन्द्र बनाई आवश्यकता अनुसार रुट परिमार्जन गर्दै लगिनेछ।टोल विकास संस्थालाई फोहोर व्यवस्थापन सम्बन्धी सचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- हाल संकलन भएको फोहोरबाट आय ठेक्का बन्दोबस्त गरी राजश्व संकलन गरिनेछ ।
- तोकिएका मापदण्ड बाहेकका प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिबन्ध र प्लाष्टिकजन्य पदार्थ पुनः प्रयोगको नीति अवलम्बन गरिनेछ ।
- नदीजन्य पदार्थ जस्तैः ढुंगा, गिट्टी, बालुवा रहेको स्थानको वातावरणीय प्रभाव मूल्याङ्कन गरि प्रचलित मापदण्ड अनुरुप उत्खनन्, संकलन, प्रसोधन, ओसारपोसार, विक्रि वितरण गरी राजश्व संकलनको दायरामा ल्याईनेछ ।
- नदीजन्य पदार्थको चोरी निकासी नियन्त्रणको लागि टोलविकास संस्था तथा स्थानीय वासीलाई अपनत्व बोध हुने गरी सूचना दिने सूचनादातालाई चोरी निकासी बापतको जरिवानाको रकमबाट २०% प्रोत्साहन रकम उपलब्ध गराईनेछ ।

## विपद् सम्बन्धी नीति

- गाउँपालिका १६,९८६ नागरिकको सामुहिक दुर्घटना बीमा तथा मापदण्ड पुगेका सबै घरहरुको सामुहिक घर बिमा कार्यक्रममार्फत गाउँपालिकालाई "पूर्ण सूरक्षित गाउँपालिका" बनाइनेछ ।
- विपद् र महामारीको पूर्व तयारी एवं प्रतिकार्यका लागि स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई स्रोत सम्पन्न बनाइनेछ।
- विपद्को अवस्थामा नागरिकको तत्काल उद्धार तथा राहतको लागि गाउँ विपद् व्यवस्थापन समिति, वडा स्तरीय विपद् व्यवस्थापन समिति, नगर प्रहरी तथा वडास्तरीय स्वयंसेवक टोलीलाई आपत्कालीन प्राथमिक उपचार तालिम दिई विपद् पूर्वतयारी सहित उद्धार, राहत र पुनस्थापनाकोको काममा परिचालन गरिनेछ।

- भूस्खलन, बाढी पहिरो, आगलागी, भुकम्प आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृतिम विपत्तिको रोकथाम, न्युनीकरण, उद्धार तथा राहात कार्यका लागि विपद् प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।
- विपद्बाट प्रभावित व्यक्तिलाई प्रदान गरिने राहत वितरणलाई छिटो, छरितो, चुस्त र प्रभावकारी बनाईनेछ ।

गाउँसभाका सदस्यज्यूहरु

अव गाउँपालिकाको **सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति** प्रस्तुत गर्दछु ।

**सुशासन तथा संस्थागत विकासः-**

- नागरिकहरुलाई छिटो, छरितो, सहज, निश्पक्ष, पारदर्शी र प्रभावकारी रुपमा सेवा प्रदान गर्न आवश्यक नीति अवलम्बन गरिनेछ। पालिकावाट प्रदान गरिने सवै सेवालाई जनमैत्री, जवाफदेही, जनसहभागितामुलक, सेवाग्राहीमैत्री र वातावरणमैत्री बनाइनेछ।
- जनप्रतिनिधि र कर्मचारीहरुबाट मुस्कानसहितको सेवा **Service with smile** को नीतिलाई पूर्ण कार्यान्वयनमा जोड दिइनेछ । साथै पालिकाको आन्तरिक नियन्त्रण प्रणाली र सार्वजनिक सेवा मापदण्डलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ । नागरिकको जनगुनासो व्यवस्थापन तथा सम्बोधनमा विशेष जोड दिइनेछ ।
- राष्ट्रसेवक कर्मचारीहरुलाई उच्च मनोवलका साथ काममा उत्प्रेरित गर्न आवश्यकता अनुसार क्षमता विकास कार्यक्रम गरिनेछ। करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा सुविधालाई समय सान्दर्भिक बनाउदै लान प्रयत्न गरिनेछ ।
- पालिका र नागरिक बिच प्रत्यक्ष सम्पर्क बढाउने गरी प्रविधिको प्रयोगमा जोड दिइनेछ ।
- गाउँसभा संचालन कार्यविधि २०७५ मा उल्लेखित मर्यादा पालन सम्बन्धी विविध विषयहरुलाई कडाईका साथ पालनामा जोड दिइनेछ । जननिर्वाचित प्रतिनिधिहरुका लागि आचारसंहिता लागू गरिनेछ । गाउँ कार्यपालिकाको वैठकवाट स्वीकृत वैठक सञ्चालन सम्बन्धि कार्यविधिको पालनामा जोड दिईनेछ ।
- गाउँ कार्यपालिकाको वैठकवाट स्वीकृत भिमसेनथापा गाउँपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावलीको पूर्ण पालनामा जोड दिइनेछ ।
- **"गाउँ टोल घर-घरमा स्थानीय सरकार"**को अनुभुती र प्रत्याभुती दिलाउन टोल केन्द्रीत कार्यक्रम गरी टोल विकास संस्थाहरुलाई शवलीकरण एवं शसक्तीकरण गरिनेछ।
- मितव्ययी तथा पारदर्शी आर्थिक प्रणाली र वित्तिय अनुशासन अपनाइनेछ । जनताका तमाम कामहरू सहज र सरल ढंगले सम्पादन गर्न जोड दिइनेछ । अक्षर पढ्न नजान्ने नागरिकहरुलाई सेवा प्रवाहको बारेमा जानकारी पुर्याउन पालिका तथा सवै वडामा अडियो भिडियोसहितको नागरिक वडापत्रको व्यवस्थाका लागि पहल गरिनेछ ।
- मानव संशाधन विकासका लागि आवश्यक कानूनी व्यवस्था गरिनेछ । जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

- सुशासन स्थापनाको लागि आवश्यक कानून, नियम, विनियमावली, कार्यविधि आदिको निर्माण गरि Chain Of Command नीतिको अवलम्वन गरिनेछ ।
- जनप्रतिनिधि तथा स्थानीय सरकार अन्तर्गत काम गर्ने कर्मचारी, स्वयसेवक, नगर प्रहरी, शिक्षक सबैलाई कार्य सम्पादन, जनसम्बन्ध, प्रशासन लगायतका विषयमा तालिम दिने, अनुगमन गर्ने, कार्वाही र पुरस्कारको व्यवस्था गर्दै मासिक समीक्षा तथा मूल्याङ्कन गरिनेछ ।
- सवै कर्मचारीहरुको कार्य विवरण वनाई अनिवार्य रुपमा लागू गरिनेछ । पालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतसँग र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखहरुसँग एवं शाखा र वडाले मातहतमा कार्यसम्पादन करार सम्झौता पूनरावलोकन गरी Daily Performance Card भरी कामकाज गर्ने संस्कारको सुरुवातलाई निरन्तर अगाडी बढाइने छ । साथै दैनिक कार्य विवरण फारम भरी शाखा/वडामा साप्ताहिक, विषयगत क्षेत्रको पाक्षिक र समग्रमा मासिक प्रतिवेदन केन्द्रीत गरी कामलाई प्रभावकारी बनाइनेछ । कर्मचारीको कार्यसम्पादन करार र कार्य सम्पादन मुल्याकन अनिबार्य रुपमा गरिनेछ
- पालिकाको सवै प्रकारका भौतिक पूर्वाधार विकास तथा सरकारी सम्पत्तिको अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ ।
- उत्कृष्ट कार्य गर्ने गाउँपालिकाका कर्मचारी, टोल विकास संस्था,वडा तथा शाखा कार्यालय फोहरमैला व्यवस्थापन समिति, पालिकाको प्रचारप्रसारमा महत्वपूर्ण भूमिका खेल्ने पत्रकारलाई पुरस्कृत गर्ने पद्धतिको थालनी गरी यसलाई निरन्तरता दिईनेछ ।
- भिमसेनथापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालय तथा शाखा कार्यालयबाट प्रदान गरिने सेवा प्रवाह जनमैत्री, पारदर्शी, वस्तुनिष्ठ तथा समसामयिक बनाउँदै लगिनेछ । विषयगत कार्यालयहरुमा सेवा प्रवाह सम्बन्धी नागरिक वडापत्र राखिनेछ ।
- E-Governance को अवधारणालाई पुर्ण रुपमा लागू गर्नका लागि जोड दिइनेछ । भिमसेनथापा गाउँपालिका अन्तर्गत ८ वटै वडा कार्यालय र शाखा कार्यालयहरुमा CLEC स्थापना गरी प्रविधिमार्फत व्यवस्थित र केन्द्रित गर्दै लगिनेछ । सेवाप्रवाहलाई प्रभावकारी बनाउनको लागि अनलाईन प्रणालीलाई अझ प्रभावकारी बनाईनेछ ।
- विदेश तथा स्वदेशका विभिन्न पालिकासंग भगिनी सम्बन्ध स्थापनाका लागि प्रक्रिया अगाडी बढाई विभिन्न विषयहरुमा सहकार्य र समन्वय गरि कार्य गरिनेछ ।
- जनमुखी प्रशासन सञ्चालनका लागि सार्वजनिक सुनुवाई, व्यवस्थापन परिक्षण, सामाजिक परीक्षण, गुनासो चौतारी लगायतका विविध कार्यक्रम सञ्चालन गरिनेछ । नागरिकलाई सेवा प्रवाहका बारेमा पृष्ठपोषण गर्ने कार्यलाई जोड दिईनेछ । सुशासन ऐनले निदृष्ट गरेको पारदर्शिता एवं सेवा प्रवाह सम्वन्धी व्यवस्थाको कार्यान्यवन भए नभएको अनुगमन गरिनेछ । सुशासन र पारदर्शितामा पनि गाउँपालिकालाई अव्बल गाउँपालिकाको रुपमा अगाडी बढाइनेछ ।

- 'आफ्नो गाउँ, आफै बनाउ' भन्ने अभियान चलाई नागरिकलाई स्वयंमसेवी बनाउन हरेक महिनाको १ गते जनसेवा, १० गते प्रतिभा प्रस्फुटन र मनोरञ्जन र २० गते समिक्षा वैठकलाई नियमित र प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।
- जनतालाई केन्द्रमा राखी सेवा प्रवाहलाई छिटो र सहज बनाउन एकै स्थानबाट धेरै सेवा प्रवाहका लागि टोलटोलमा एकिकृत घुम्ती शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाले लिएको लक्ष्य, उदेश्य, हिजो देखि वर्तमान सम्मको अवस्था र भोलीको मार्गचित्र सहितको गतिविधि समेटि भिमसेनथापा स्मारीका तथा चौमासिक बुलेटीन प्रशासन गरिनेछ।
- विगत देखि वर्तमान सम्म तयार भएका ऐन, कानुन, निर्देशिका, मापदण्ड, कार्यविधिलाई अध्यावधिक गर्दै राजपत्र संग्रह प्रकाशन गरिनेछ।
- आगमी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट सहित विषयगत समितिको प्रतिवेदन लगायत विषय समेटी बार्षिक योजना पुस्तक प्रकाशन गरिनेछ।
- कर्मचारी प्रशासन र कार्यालय व्यवस्थापनलाई थप सुदृढ, व्यवस्थीत, संस्थागत विकास गर्दै शाखा व्यवस्थापन प्रभावकारी बनाइनेछ।
- गाउँपालिकाको कार्य सञ्चालन प्रक्रिया विधिसम्वत बनाउन निर्माण भएको ऐन तथा कार्यविधीहरुको समयानुकुल परिमार्जन गरि कार्यान्वयनमा जोड दिइनेछ । भिमसेनथापा गाउँपालिकालाई आवश्यक पर्ने विभिन्न विनियम तथा कार्यविधि तर्जुमा गर्दै लगिने छ ।
- गाउँपालिका भित्र कार्यरत गैरसरकारी सस्थाहरुलाई गैरसरकारी सस्था सञ्चालन कार्यविधि बनाई सेवा प्रवाहलाई प्रभावकारी ढङ्गबाट सम्पादन गरिनेछ । गा.पा.मा हेल्प डेक्स स्थापना गरी सेवा प्रवाह तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरिएकोमा त्यसालाई निरन्तरता दिईनेछ। भिमसेनथापा गाउँपालिका स्थित सरकारी एव गैर सरकारी सस्थाका कार्यालयहरुको अनुगमन एवं निरीक्षण प्रक्रियालाई प्रभावकारी वनाईनेछ ।
- सहस्राब्दी विकास लक्ष्य र राष्ट्रिय नीति तथा रणनितिले प्राप्त गर्न खोजेका संस्थागत विकास लक्ष्य हासिल हुने खालका कार्यक्रम तर्जुमा गर्न जोड दिइनेछ ।
- आन्तरिक आयलाई सवल बनाउन राजश्वमा सुधार गरी सहज, सरल र दायरा फराकिलो बनाई सर्वसुलभ बनाइने छ । आन्तरिक आय वृद्धि गर्नका लागि राजश्व र करका विभिन्न क्षेत्रहरुको अध्ययन गरि लागु गरिनेछ । उत्कृष्ट करदातालाई सम्मान गरिने छ ।
- गाउँपालिका भित्रका सम्पुर्ण करयोग्य व्यवसायलाई करको दायरामा ल्याईने छ । सम्पत्ति करलाई थप व्यवस्थित गरिनेछ ।
- बजार अनुगमनलाई नियमित व्यवस्थीत गर्दै व्यवसाय दर्ता र नविकरण कार्यलाई प्रभावकारी बनाउन जनचेतना, अभिमुखीकरण, घुम्ती शिविर लगायतका कार्यक्रम गरिनेछ

- भिमसेनथापा गाउँपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा विद्यालयहरुमा सूचना अधिकारीको व्यवस्था गरी सूचनाको हक कार्यान्वयन प्रभावकारी बनाइनेछ।
- समुदायमा रहेका सरोकारवाला निकायहरु सँग समन्वयात्मक तथा अन्तर क्रियात्मक कार्यक्रम लाइ प्राथमिकता दिइनेछ ।
- विद्यालय तथा टोलमा साइबर अपराध र डिजिटल सुरक्षा साथै मनोसामाजिक परामर्श सम्बन्धी सचेतना अभियान गरिनेछ ।

**न्यायिक नीति -**

- भिमसेन थापा गाउँपालिकाबासी नागरिकलाई सरल र सहज न्यायको पहुँच विकासका लागि आवश्यक नीति बनाइनेछ ।
- न्यायिक समितिको क्षेत्राधिकार भित्र रहेको न्याय निरुपणका कामलाई थप प्रभावकारी बनाउदै लगीनेछ।
- गाउँपालिकामा न्यायिक समिति र प्रत्येक वडामा मेलमिलाप केन्द्र सञ्चालन कार्यलाई निरन्तरता दिइने छ ।
- न्यायिक समितिमा परेका उजुरीहरुको न्याय सम्पादन गर्न अनुगमनका साथै सहज र सरल पद्धति अपनाइनेछ ।
- न्यायिक समितिका पदाधिकारी, कर्मचारी तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- कानून जान्नै पर्ने कानूनी प्रावधान रहेकोले महिला, दलित, अपाङ्ग तथा मूल प्रवाहीकरणमा पछाडी परेका लक्षित समूहहरुलाई कानूनी साक्षरता कार्यक्रमलाई थप प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।
- असहाय, जेष्ठ नागरिक, अनाथ बालबालिका, अति विपन्न नागरिकहरुलाई निःशुल्क न्यायिक सेवा प्रदान गरिनेछ। कानुनी क्षेत्राधिकार भित्र रहेर न्याय सम्पादनमा मेलमिलाप पद्धतीलाई विशेष जोड दिइनेछ ।
- न्यायिक समितिमा पेश भएका विवादहरु विज्ञको राय सल्लाह, सुझाव अनुसार मेलमिलाप तथा फैसला गर्दै लगिनेछ ।
- प्रत्येक टोलमा मेलमिलापकर्ताको व्यवस्था गर्ने गरी नागरीकहरुमा न्यायिक पहुँच विस्तार गरिनेछ।
- लैङगिक हिंसाका घटनामा शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ । सवै प्रकारका हिंसाको न्युनीकरणका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा इजलासको व्यवस्थालाई थप व्यवस्थित गरिनेछ । जिल्ला न्यायिक भेला प्रभावकारी वनाउन पहल गरिनेछ । साथै न्यायिक क्षेत्रको कार्यक्रमहरुको वृतचित्र निर्माण गरी अभिलेखिकरण गरिनेछ ।
- गाउँपालिकामा न्यायिक समिति र प्रत्येक वडामा मेलमिलाप केन्द्र सञ्चालन कार्यलाई निरन्तरता दिइने छ । न्यायिक समितिमा परेका उजुरीहरुको न्याय सम्पादन गर्न अनुगमनका साथै सहज र सरल पद्धति अपनाइने छ। न्यायिक समितिका पदाधिकारी, कर्मचारी तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।

- बिपन्न हिंसा लक्षीत कार्यक्रम संचालनमा ल्याइनेछ । गाउपालिका भित्र रहेका एकल महिलाहरुको सञ्जाल गठन गरी न्यायिक सचेतना लगायत आवश्यक क्षमता विकास र कार्यक्रम संचालन गरीनेछ ।

**राजश्व नीतिः-**

- सम्पूर्ण करदातालाई करको दायरामा ल्याउने, कर दायित्व नतिर्नेहरुमा कर दायित्व भुक्तानी पश्चात मात्र सेवा उपलव्ध गराउने परिपाटी बसाउने, नियमित रुपमा कर भुक्तानी तथा अधिक कर तिर्ने करदातालाई सम्मान गरिनेछ।
- राजश्व अभिवृद्धि गर्न तुलनात्मक लाभका क्षेत्रको खोजी गर्ने तथा तत् क्षेत्रमा लगानी बढाउने निती लिनइनेछ।

**नगर प्रहरी सम्बन्धी नीतिः-**

- भिमसेनथापा गाउँपालिकामा स्थानीय सुरक्षा, सामाजिक शान्ति र सेवा प्रवाहमा सहजीकरणका लागि नगरप्रहरीको परिचालनलाई थप प्रभावकारी बनाइनेछ ।
- नगरप्रहरीलाई गाउँपालिकाको आपतकालीन व्यवस्थापन, विपद् सहायता र सन्देश प्रवाहका लागि परिचालनमा जोड दिइनेछ ।
- नगरप्रहरीको क्षमता विकासका लागि सुरक्षा, मानव अधिकार, स्थानीय प्रशासन, आपतकालीन सेवा, रेडक्रस प्राथमिक उपचार, आपतकालीन उद्धार, साइबर अपराध, महिला तथा बालबालिका संरक्षण इत्यादिमा विशेष तालिम दिइनेछ ।
- बजार अनुगमन, घाँट तथा नदि जन्य पदार्थ चोरी, निकासी नियन्त्रण र नियमन कार्यमा प्रभावकारी रुपमा लगाइनेछ।

**सूचना तथा सञ्चारः-**

- गाउँपालिका भित्र गुणस्तरीय इन्टरनेट सेवाका लागि आवश्यक पहल गरिनेछ । पालिकालाई स्मार्ट पालिकाको रुपमा विकास गर्ने अबधारणालाई तिव्रताका साथ अघि बढाइनेछ । पालिकाको आफ्नै डाटा सेन्टर स्थापनाको लागि कार्य अगाडी बढाइनेछ । **Open Data** प्रणालीको अवलम्वन गर्दै जाने नीति अवलम्वन गरिनेछ ।
- सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न गाउँपालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्ययमवाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्नसक्ने तथा सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ । सबै टोल विकास संस्था, वडा, शाखा, स्कूल, संघसंस्थामा सुझाव पेटीका, गुनासो व्यवस्थापन गर्दै सूचना अधिकारीको अनिवार्य व्यवस्था गरिनेछ ।
- पालिकावासी नागरिकलाई गाउँपालिकाले गरेका सकारात्मक कार्यको बारेमा जानकारी दिन स्थानीय एफ.एम रेडियोबाट रेडियो कार्यक्रम उत्पादन गरी प्रशारण गरिनेछ ।

- गाउँपालिकाको गतिविधिहरु स्थानीय पत्रपत्रिका, केवल टेलिभिजनहरु, अनलाईनहरु माफर्त पनि आवश्यकता अनुसार प्रकाशन र प्रसारण गरिनेछ । सूचना तथा संचार क्षेत्रको संरक्षण, प्रवर्दन र विकास गर्न आवश्यक योजना बनाएर लागू गरिनेछ ।
- पालिकाका मुख्य बजार एरियाहरुमा Free wife Zone, CCTV निगरानी सुरक्षा चेकपोस्ट स्थापनाको लागि आवश्यक नीति लिइनेछ । प्रत्येक विद्यालयमा इन्टरनेटको पहुंचमा सुनिश्चितता प्रदान गरिनेछ । मोवाईल एपमार्फत घरघरबाट नै सेवा लिन सक्ने गरि कार्य अगाडी बढाइनेछ ।
- Cyber Crime न्युनिकरण तथा रोकथामका लागि विभिन्न संघसंस्थाहरुसँगको साझेदारीमा विद्यालय तथा वडाहरुमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- गुनासो ब्यवस्थापनलाई प्रभावकारी बनाउँदै कार्यप्रति जवाफदेहि बनाइनेछ । भुक्तानी प्रणालीलाई थप पारदर्शी र सहज बनाउन अनलाइन, डिजिटल भुक्तानी प्रविधिलाई थप व्यवस्थित गरिनेछ ।

गाउँसभाका सदस्यज्यूहरु!

आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट भिमसेनथापा गाउँपालिकालाई ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध, समाजवाद उन्मुख नमुना गाउँपालिका निर्माणमा साच्चै टेवा पुग्नेछ । यस नीति तथा कार्यक्रमले गाउँपालिकाका नागरिकहरुको सामाजिक आर्थिक क्षेत्रमा मात्र गतिशिलता प्राप्त नभई पारस्पारिक सम्मान र अवसरसहित थुप्रै सामाजिक अवसर सृजना गर्ने विश्वास लिएको छु । यो नीति तथा कार्यक्रमको पूर्ण कार्यान्वयनका लागि हामी सवैले नेतृत्वदायी भूमिका खेल्नुपर्छ भन्ने कुरामा कुनै दुईमत छैन ।स्पस्ट योजना, दृढ कार्यान्वयन र प्रभावकारी अनुगमनले मात्र भिमसेनथापा गाउँपालिकालाई समाजवाद उन्मुख नमुना गाउँपालिका निर्माणको बाटो अगाडी बढाउन सकिन्छ । गाउँपालिकालाई हामीले अवलम्बन गरेको नारामा हिडाउनका लागि म र मेरो मात्र एकल प्रयासबाट सम्भव पक्कै छैन । यसका लागि भिमसेन थापा गाउँपालिकाका जनताले हामी सवैलाई समृद्ध गाउँपालिका निर्माणको जिम्मेवारी सुम्पेका हुन। त्यसलाई पुरा गर्न हामी जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारी मिलेर निःस्वार्थभावले लाग्नु अनिवार्य छ । सक्षम र सफल भिमसेनथापाका पूर्खा र सन्ततिबाट एउटा साथ र सपोर्ट र केही न केही निर्माण गर्न टोल विकास संस्थाकै अगुवाइमा पहल गरौ र वहाँहरुलाई सक्रिय बनाई नतिजाको आधारमा सम्मान गर्ने एउटा विशेष अभियान शुरु गरौ।
महान जनयुद्ध, शान्तिपूर्ण जनआन्दोलनसहित परिवर्तनका लागि भएका सवै खालका सर्घषबाट प्राप्त राजनीतिक परिवर्तनलाई आत्मासाथ गरेर मात्र नेपालको संविधानले निदृष्ट गरेको समाजवादको बाटो कोर्न हामी सफल हुनेछौ तपाई हामीलाई समाजवादको बाटोमा अघि बढ्न एउटा सुनौलो अवसर प्राप्त भएको छ । यहीं परिवर्तनको जगमा टेकेर समाजवाद निर्माणको बाटोमा अगाडि बढ्नु अपरिहार्य छ । यसका लागि यहाँहरु सवैको साथ, सहयोग र सक्रियताको अपेक्षा गर्दछु ।

भिमसेन थापा गाउँपालिकामा गरिबीको अन्त्य गरेर, सुशासन, समृद्धि, सामाजिक न्याय स्थापना गर्दै समतामूलक समाज निर्माण गर्न गाउँपालिकाबासी जनताले हामी जनप्रतिनिधिलाई दिएको ऐतिहासिक जिम्मेवारी हरहालतमा पुरा गर्नैपर्छ।

आगमी आर्थिक वर्ष अर्थात् हाम्रो कार्यकालको अन्तिम वर्ष भनेको हामीले निर्वाचनमा गरेका हाम्रा प्रतिवद्धताको नतिजा देखिने वा परिक्षाको नतिजा देखाउने वर्ष हो । गाउँपालिकाबासी नागरिकको सुशासन, परिवर्तन, विकास र सम्मृद्धिको चाहाना पुरा गर्न सक्दामात्र हाम्रो राजनीतिक औचित्य पुष्टि हुनेछ । एउटा कठिन वर्ग संर्घषलाई परास्त गरेर आइसकेका छौं । अव भिमसेनथापा गाउँपालिकाको सामाजिक, सांस्कृतिक रुपान्तरण, सामाजिक न्यायसहितको आर्थिक सम्बृद्धि मार्फत जनताको मुहारमा हाँसो र खुसी दिनका लागि सवैमा दृढ इच्छाशक्ति आवश्यक छ ।

चार वर्षको अनुभवले हामी अरु परिपक्वता विकास हुँदै तपाई हामी सवैलाई वास्तविक नेतृत्वका रुपमा स्थापित गर्ने यो एउटा ऐतिहासिक अवसर पनि हो । हामीले चार आर्थिक वर्ष सवै जनप्रतिनिधी कर्मचारी र आम भिमसेनथापावासीको साथ सहयोग समन्वय र सहकार्य गरी सौहार्दता पूर्ण रुपमा व्यतित गरी पाँचौ अर्थात अन्तिम वर्षमा प्रवेश गर्दैछौ। अव, फेरी पनि यसलाई सवै जनप्रतिनिधि हातेमालो गरेर अघि बढ्न सक्यौं भने हाम्रो नारा अनुसारको लक्ष्य भेटाउने छौं । जनताको सहभागिता, पारदर्शिता, सेवा र परिणामलाई केन्द्रमा राख्दै ल्याइएको यो नीति तथा कार्यक्रमले समावेशी, न्यायोचित र दिगो विकासका आधारमा भिमसेनथापा गाउँपालिकालाई साच्चै **"ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध, समाजवाद उन्मुख नमुना गाउँपालिका"** बनाउने स्पष्ट मार्गचित्र कोरेको छ। तसर्थ यो अठारौ अधिवेशनमार्फत तय गरिएका नीति, योजना र कार्यक्रम अनुरुप बजेट निर्माण गरि कार्यान्वयनमा जुट्न यहाँहरुको रचनात्मक सहयोग र सक्रिय साथको पुनः अपेक्षा गर्दछु।

अन्तमा, भिमसेनथापा गाउँपालिकाको समग्र विकासमा महत्वपूर्ण योगदान पुर्याउनु हुने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजिक्षेत्र, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, सञ्चार जगतलगायत सम्पूर्ण दिदिबहिनी, दाजुभाई तथा विकास साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

धन्यवाद ! नमस्कार !! अभिवादन !!!